का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० जेठ २०७९,
सोमबार
13 June 2022,
Monday


मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १२८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## सर्पको टोकाईबाट बचौं र बचाऔं !

- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रधानमन्त्रीमाथि प्रश्नै प्रश्न

## सीमित एजेण्डामा एमाले–माओवादी एकै ठाउँ

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २९ जेठ ।

प्रतिनिधिसभामा आगामी आर्थिक वर्षका लागि सरकारले संघीय संसदमा प्रस्तुत गरेको बजेटको शीर्षकगत छलफल सकिएको छ । संघीय संसद सचिवालयका अनुसार आज सोमबारदेखि सम्बन्धित मन्त्रीले जवाफ दिनेछन् ।

जेठ १७ गतेदेखि जेठ २८ गतेसम्म प्रतिनिधिसभामा बजेटमाथिको छलफलमा बजेटका अलावा नेपालको परराष्ट्र नीति, विदेश नीति, अमेरिकी सहयोग सम्बन्धी सम्झौता एमसीसी कार्यान्वयन, अमेरिकी अधिकारीहरुको नेपाल भ्रमण र नेपालका प्रधानमन्त्रीको अमेरिका भ्रमण लगायत विषय हरेक दिन उठ्यो ।

नेपाल-भारत सीमा समस्या र समाधानको विषय पनि बजेटको शीर्षकगत छलफलमा सांसदहरुले उठाए । सांसदहरुले सरकारको कुटनीतिबारे आवाज मात्रै उठाएका छैनन्, सत्तारुढ पाँच दलीय सत्तागठबन्धन र स्वंम प्रधानमन्त्री शेरबहादुर देउवाको जवाफ माग गरेका छन् । सत्तारुढ दलबाटै सरकारको विदेश नीतिमाथि प्रश्न उठेको छ । यी लगायत विषयमा सांसदहरुले प्रत्येक मन्त्रीलाई प्रश्न त गरेकै छन्, प्रधानमन्त्री शेरबहादुर देउवामाथि अझ धेरै प्रश्नहरु छन् । जसको जवाफ प्रधानमन्त्री देउवाले आफैं दिनुपर्नेछ ।

अमेरिकी भ्रमणबारे प्रश्न

प्रमुख प्रतिपक्ष एमाले र पाँच दलीय सत्तारुढ गठबन्धनको एक घटक नेकपा माओवादी केन्द्रले प्रधानमन्त्री देउवाको अमेरिका भ्रमणका बारेमा संसदमा जानकारी गराउन माग गरेको छ ।

आइतबार प्रतिनिधि सभा बैठकमा समय मागेर एमाले सांसद प्रदीप ज्ञवालीले प्रधानमन्त्रीको अमेरिका भ्रमणको सम्बन्धमा सत्तारुढ गठबन्धनका दलले समेत प्रश्न उठाइरहेका बताए । प्रधानमन्त्रीको भ्रमण राजकीय, सद्भावना अथवा व्यापारिक कुन प्रकारको हो भन्ने विषय संसदमा जानकारी गराउनुपर्ने उनले बताए ।

सत्तापक्षको एउटा घटकको प्रमुख सचेतकले प्रधानमन्त्रीको अमेरिका भ्रमण रद्द गरियोस् भन्ने तहसम्म प्रश्न उठाउनु सामान्य नभएको भन्दै उनले भने, 'सत्ता गठबन्धनमा रहेको असझदारी र विवाद मात्रै हो भनेर

> आगामी आर्थिक वर्षका लागि प्रस्तुत बजेटमाथि छलफलका क्रममा सांसदहरुले विभागीय मन्त्रीहरुलाई मात्रै नभएर प्रधानमन्त्री शेरबहादुर देउवामाथि समेत प्रश्नको ओइरो लगाएका छन् । जसको जवाफ स्वयम् प्रधानमन्त्री देउवाले दिनुपर्नेछ ।

बुझ्ने या यो भ्रमणसँग जोडिएका केही अत्यन्त महत्वपूर्ण विषयहरु छन्, जससँग सत्ता घटकहरुबीच छलफल चलिरहेको छ र त्यो विषयलाई उठाउनुपर्ने आवश्यकता प्रमुख सचेतकले बोध गर्नुभयो ।' उनले अघि भने, 'यो विषयमा सदन अनुत्तरित रहनु हुँदैन भन्ने मलाई लाग्छ । सम्माननीय प्रधानमन्त्रीज्यूको तर्फबाट यस विषयमा सदनलाई अविलम्ब जानकारी गराउनु आवश्यक छ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु ।'

यस्ता गम्भीर प्रश्नहरुमा प्रमुख प्रतिपक्षलाई जानकारी गराउन वा परामर्श लिने सरकार छाडेको उनले बताए । उनले अघि भने, 'भ्रमण राजकीय हो कि आधिकारिक हो ? कुनै अफिसियल या कुनै विजनेश लाइक हो त्यस सम्बन्धमा हामिलाई जानकारी छैन । यो विषय पनि मैले सदनमा रेकर्ड गराउन चाहन्छु ।' देउवाको अमेरिका भ्रमण प्रधानमन्त्रीको हैसियतमा हुन लागेको हो कि रक्षामन्त्रीको हैसियतमा भन्ने प्रश्न समेत गरे ।

यसअघि जेठ २६ गते सत्तारुढ दल नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक देव गुरुङले प्रधानमन्त्री र प्रधानसेनापतिको अमेरिका भ्रमण स्थगित गर्न माग गरेका थिए । सचेतक गुरुङले सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै प्रधानमन्त्री र प्रधानसेनापतिको अमेरिका भ्रमण स्थगित गर्नुपर्ने बताएका थिए ।

अहिले अत्यन्तै संवेदनशील अवस्था रहेको र अहिलेको परराष्ट्र नीति सैन्य नीतिमा गइरहेको उनको टिप्पणी थियो । नेता गुरुङले पछिल्लो समय अमेरिकी अधिकारीहरु नेपाल आउने क्रम बढेको र उनीहरुका गतिविधिले नेपाललाई सैन्य गठबन्धनमा सामेल गराउने किसिमका भएको भन्दै यदि नेपाल अमेरिकी सैन्य गठबन्धनमा सामेल भए नेपालले युक्रेनको अवस्था भोग्नुपर्ने चेतावनी दिएका थिए । सोही अवस्थालाई ध्यानमा राख्दै प्रधानमन्त्री र प्रधानसेनापतिको अमेरिका भ्रमण स्थगित गर्दा नै मुलुकलाई फाइदा हुने गुरुङको तर्क थियो । गुरुङले अमेरिकाले नेपाललाई आफ्नो सैन्य रणनीतिअनुसार स्टेट पार्टनरसिपमा सामेल गराउन खोजेको भन्दै यसलाई रोक्न नेपाली पक्ष सतर्क र सजक हुनुपर्नेमा संसदमार्फत सरकारको ध्यानाकर्षण गराएका थिए । '

– बाँकी पृष्ठ २ मा

# कार्यकर्ता फकाउँदै देउवा

पार्टीको सरकार रहेको भन्दै अवसर र जिम्मेवारीको खोजी गर्दै आफुकहाँ आउनेहरुलाई प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति पार्टीको एकल सरकार नरहेको भनी कन्भिन्स गराउनमा व्यस्त रहेको नेताहरु बताउँछन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ जेठ ।

पछिल्लो समय नेपाली कांग्रेसभित्र प्रदेश र संघीय चुनावमा तालमेल गर्ने विषयमा कांग्रेसभित्र कुनै विवाद देखा परेको छैन् । खासगरी स्थानीय तहको चुनावमा पाँच दलबीच भएको तालमेललाई कांग्रेसभित्रैको डा.शेखर कोइराला नेतृत्वको समूहले रुचाएको थिएन् ।

प्रदेश र संघीय चुनावका सन्दर्भमा भने यो समूह सार्वजनिक रुपमा बोलेको छैन् । स्वमं कांग्रेस नेताहरु प्रदेश र संघीय चुनावको मिति तय हुन बाँकी रहनु र पाँच दलीय गठबन्धनबीच तालमेलको विषयमा औपचारिक छलफल नहुनुले पनि यो विषयमा औपचारिक बहस भइरहेको छैन् ।

तर, कांग्रेस नेताहरु नै शेखर कोइराला आगामी चुनावमा तालमेल गर्ने विषयमा कन्भिन्स भएका छन् । त्यसकारण उनी गठबन्धनको माहोल बनाउनमै केन्द्रीत भएका छन् । अब प्रदेश र संघीय चुनावमा तालमेल गर्ने विषयमा पार्टी भित्रकै शेखर समूहलाई कन्भिन्स गराउनुपर्ने चुनौती अब प्रधानमन्त्री देउवासामू नरहेको स्वमं कांग्रेस नेताहरु बताउँछन् ।

तर, पार्टीभित्रबाट बिभिन्न जिम्मेवारी माग गर्नेहरुको भने ठूलो समूह रहेको र उनीहरुलाई कन्भिन्स गरिरहनुपरेको देउवा निकट नेताहरु बताउँछन् । यही कुरा देउवाले आइतबार सार्वजनिक रुपमै ओकलेका छन् । नेपाल ट्रेड युनियन कांग्रेसको काठमाडौंमा सुरु भएको राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले पार्टीसँग आबद्ध संघसंगठनहरूलाई धेरै माग नगर्न आग्रह गरे । गठबन्धन सरकार भएकाले कांग्रेसले चाहेअनुसार मात्रै नहुने प्रधानमन्त्री देउवाको भनाइ थियो ।

'एउटा कुरा के बुझ्नु पर्‍यो भने तपाईंरुहले, यो कांग्रेसको एकलौटी सरकार होइन । यो नबुझिकन तपाईंहरूले यो धेरै माग दाबी गर्ने कुरा छैन,' प्रधानमन्त्री देउवाले भने, 'कतिपय बजेटमा आएका छन् । छैनन् भने पनि हामीहरू त्यसलाई पूरा गर्नेछौं ।'

कोभिड- १९ महाकारीका कारण विगत दुई वर्षयता मुलुकको औद्योगिक, व्यवसायिक क्षेत्रमा भएको आएको संकुचनले श्रम बजारलाई प्रभावित पारेको कुरालाई ख्याल गनृ प्रधानमन्त्री देउवाको आग्रह छ ।

– बाँकी पृष्ठ २ मा

### मलेसियामा नेपालीको हिस्सा खोस्दै बंगलादेशी कामदार

# श्रम स्वीकृति अवधि र लागतका कारण नेपालीको रोजगारी संकटमा ?

**रेशमराज पौडेल/मध्यान्ह**
काठमाडौं, २९ जेठ

वैदेशिक रोजगार विभागमा दर्ता रहेका ८ सय ६० मध्ये एक तिहाई बढी वैदेशिक रोजगार व्यवसायी यतिखेर मलेसियामा छन् । नेपाल आउने कुल रेमिट्यान्समध्ये विगतमा एक तिहाईभन्दा बढी हिस्सामा योगदान गर्ने मलेसिया दक्ष तथा अदक्ष कामदारको प्रमुख श्रम गन्तव्यका रूपमा रहेको छ । तर करिब साढे तीन वर्षपछि सुचारू भएको मलेसियाको रोजगारी पुरानै लयमा फर्किने सम्भावना कम रहेको क्वालालम्पुरबाट टेलिफोन सम्पर्कमा आएका वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन् ।

**वैदेशिक रोजगार विशेष**

मलेसियाले नेपालसहित भियतनाम, कम्बोडिया, इन्डोनेशिया, फिलिपिन्स, बांगलादेश, पाकिस्तान, भारतलगायतका १४ देशबाट कामदार लैजाने गरेको छ । करिब तीन हप्तादेखि मलेसियाकोमार्केटडमा रहेका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान महासचिव सुजितकुमार श्रेष्ठले बंगलादेशका कामदारका कारणले नेपाली कामदारको माग घट्न सक्ने खतरा देखिएको बताए ।

– बाँकी पृष्ठ २ मा

## मन्त्री श्रेष्ठको नेतृत्वमा पाँच वर्षे रणनीतिक योजना तयार

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पहिलोपटक पाँच वर्षे रणनीतिक योजना तयार गरेको छ । आगामी पाँच आर्थिक वर्ष (२०७९/०८० देखि ०८३/०८४) मा सम्पादन हुने विभिन्न क्रियाकलाप समेटेर पाँच वर्षे रणनीतिक योजना तयार गरिएको हो ।

मन्त्रालयबाट सम्पादन हुने क्रियाकलापको मार्गदर्शन गर्न र कामलाई नतिजामूलक बनाउन पाँच वर्षे रणनीतिक योजना तयार गरिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले बताए । पाँच आर्थिक वर्षमा सम्पादन हुने विभिन्न क्रियाकलाप, त्यसका लागि आवश्यक लागत र सोबाट प्राप्त हुने नेपाल र मलेसियाबीच

– बाँकी पृष्ठ २ मा


# एक महिनापछि समीक्षा

स्थानीय चुनावमा नराम्रो पराजय भोगेको नेकपा एमालेले एक महिनापछि आज समीक्षा बैठक राखेको छ । पार्टी केन्द्रीय कार्यालय च्यासलमा राखेको सचिवालय बैठकमा चुनावी नतिजाबारे समीक्षा गर्ने तयारी रहेको नेताहरुले बताएका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २९ जेठ ।

नेकपा एमालेले आज सचिवालय बैठक बोलाएको छ । आइतबार केन्द्रीय कार्यालय बैठक राखेर सचिवालय बैठकको एजेण्डा तय गरेको हो । अध्यक्ष केपी शर्मा ओलीले स्थानीय चुनाव सम्पन्न भएको एक महिनापछि सचिवालय बैठक बोलाएपछि एजण्डा तय गर्न आइतबार केन्द्रीय कार्यालय बैठक बसेको थियो ।

महासचिव शंकर पोखरेल संयोजकत्वको केन्द्रीय कार्यालय बैठकले स्थानीय चुनावको समीक्षा सहित एजेण्डा सचिवालय बैठकका लागि तय गरेको छ । 'स्थानीय चुनावको समीक्षा यो बैठकमा हुनेछ । त्यसका लागि आवश्यक तयारी भइसकेको छ', उपमहासचिव प्रदीप ज्ञवालीले भने । स्थानीय चुनावमा गठबन्धन भएकाले पराजित हुनु परेपनि जनमत नघटेको एमालेका नेताहरुले सार्वजनिक अभिव्यक्ति दिदै आएका छन् ।



त्यसैलाई प्रमाणित गर्नेगरी स्थानीय चुनावको नतिजा समेटेर रिपोर्ट पनि तयार पारेको एमालेका नेताहरुले बताएका छन् । सम्बन्धित कमिटीको रिपोर्टका आधारमा समीक्षा रिपोर्ट एमालेले तयार पारेको हो । गएको ३० वैशाखमा सम्पन्न स्थानीय तहको चुनावमा एमाले नराम्रोसँग पराजित भएको छ । ७५३ मध्ये एमालेले २०५ स्थानीय तह मात्रै जितेको छ । ठूला र शहरी क्षेत्रबाट एमाले लगभग बढारिएको छ । ६ महानगर मध्ये एमालेले एउटा पनि जित्न सकेन ।

महानगरमा सत्तारुढ पाँच दलले साझा उम्मेद्वार तय गरेका थिए । काठमाडौंमा स्वतन्त्र उम्मेद्वार बालेन्द्र शाहले जितेपनि बाँकी महानगरमा भने गठबन्धनका उम्मेद्वार निर्वाचित भए । एघार मध्ये तीन उपमहानगरमा मात्रै एमालेले जितेको छ । अघिल्लो पटक सात उपमहानगरमा एमालेका उम्मेद्वार निर्वाचित भएका थिए । शहरी क्षेत्रसँगै अन्यत्र पनि पराजित हुँदा स्थानीय चुनावमा एमाले दोस्रो दल बनेको छ । ०७४ को चुनावमा एमालेले २९४ स्थानीय तह जितेको थियो । नेपाली कांग्रेसले २६६ स्थानीय तह मात्रै जितेको थियो । यसपटक कांग्रेसले ३२९ स्थानीय तह जितेको छ । नेकपा माओवादी केन्द्रले पनि यसपटक सिट संख्या बढाएको छ ।

– बाँकी पृष्ठ २ मा

# चैतमा गर्नुपर्ने अग्नी नियन्त्रण अभ्यास जेठ अन्तिममा !

**अनिष पन्थी/मध्यान्ह**
गुल्मी, २९ जेठ



शनिबार राति पानी परिरहेको थियो । आइतबार बिहानपख पनि फाटफुट पानी पर्ने र विदा हुने क्रम जारी थियो । गुल्मीको सदरमुकामबाट हेर्दा कतैकतै न्यून मात्रामा घाम लागेको देखिन्थ्यो भने अधिकांश स्थानमा मनसुने अन्धकारमय मौसम थियो । मनसुनकै कारण कतै सडक अवरुद्ध, कतै चट्याङले पशु चौपायको क्षति भएको समाचार पनि स्थानीयले टिपाउँदै थिए ।

यहि क्रममा एक जनाले सदरमुकाम तम्घासको चिदिचौरमा प्रशासनद्वारा आगो नियन्त्रण अभ्यास हुँदैछ भन्ने जानकारी गराउँदै आउन आग्रह गरे ।

आकाशबाट पानी पर्ला जस्तो थियो । ओत लाग्ने छाता पनि तत्काल नभएका कारण नजाउँकी जस्तो लागेको थियो । तर एक छिनपछि एउटा सवारी साधनको सुविधाले कार्यक्रम स्थलमा पुगियो ।

त्यहाँ पुग्दा सम्भावित मुसलधारे पानीबाट बच्नका लागि होला मञ्चमा त्रिपाल टाँगिएको थियो । त्यस त्रिपाल मुनी कुर्चीमा जिल्लाका उच्च तहका सरकारी अधिकारी र केहि समाज सेवीहरु बसिरहेका थिए ।

त्यसको ठिक अगाडि स-साना खरका झुपडी, आगो निभाउने यन्त्र, दमकल आदि सामग्री र सेना प्रहरी लगायतका सुरक्षाकर्मीहरु 'स्टाण्डवाई पोजिशनमा थिए ।

केहि बेरपछि चौरमा बनाइएका ती खरका घरहरु जल्न शुरु गरे । अन्ततः तम्तयार गरिएका विभिन्न यन्त्रहरु प्रयोग गरी अग्नी नियन्त्रण टोलीले सिकेको सिप-कला प्रदर्शन गर्दै आगो निभाए ।

**उल्टो अभ्यास**

खडेरीको बेला अघि भएको भए सुरक्षा निकायको यो अभ्यास जायज थियो । तर मनसुन भित्रिएको थियो । माघ-फागुन महिना भन्दा अघि यस्तो अभ्यास गरिएको वा गरिने भए सायद विगतका वर्षहरुमा कतै आगो निभाउने क्रममा सैनिक जवानहरुको ज्यान जाने थिएन । कोही घाइते पनि हुने थिएनन् । सर्वसाधारणले पनि आगोमा परेर ठूलो जनधनको क्षति व्यहोर्न पर्ने थिएन । अझ अहिले यो मनसुनको बेला अर्को डर छ । अविरल वर्षाका कारण कति बेला घर भत्किएर, बगाएर, पहिरो गएर वा खोला-बाढीले बगाएर कसको कति बेला ज्यान जाने हो भन्ने कुराले स्थानीय त्रसित हुने बेला हो ।

यो बेला मनसुनजन्यन विपद नियन्त्रणको सरकारी निकायबाट अभ्यास हुने बेला हो ।

**चैत्रमा गर्नुपर्ने तालिम जेठमा**

यता गुल्मीका निमित्त प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरै यो तालिम चैतमा गर्नुपर्ने भएपनि जेठमा गर्न बाध्य भएको बताए ।

निमित्त प्रमुख जिल्ला अधिकारी गैरै भन्छन् 'अहिले गर्न लागिएको यो अग्नी नियन्त्रण विपद व्यवस्थापनको डेमुस्टेशन (अभ्यास) हामीले पहिल्लै गर्नुपर्ने थियो । हामीलाई गृहमन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्युनिकरण व्यवस्थापन प्राधिकरणबाट चैत्र महिनामै गर्नु भनि पत्र आएको थियो । तर हामीले चुनावका कारण त्यति बेला गर्न सकिएन । त्यसैले अहिले गरिएको हो ।'

यसमा दोष जिल्ला प्रशानको मात्रै भन्न सकिन्न । आगलागीका अधिकतम घटना हुने विशेषतः फागुन र चैत महिनामै हुने हो । तर चैत महिनाको अन्तिममा अग्नी नियन्त्रणको अभ्यास गर्न पत्र पठाउने माथिल्लो निकायलाई नै दोषी मान्नुपर्ने स्थानीयहरु बताउँछन् । अभ्यास अग्नी नियन्त्रणको भएपनि कार्यक्रमको ब्यानरमा मनसुनजन्य व्यवस्थापन पनि जोडिएको थियो । तर अक्षरमा जता जे जोडिए पनि विपदका बेला जनताको जनधनको सुरक्षामा राज्य संवेदनशिल बन्नुपर्ने देखिन्छ ।

# दैलेखमा सुरक्षा निकायको पूर्व अभ्यास

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २९ जेठ

वर्षेनी आउने विपद्का कारण हुने जनधनको क्षति रोक्न दैलेखमा जिल्ला विपद् व्यवस्थापन समितिले लागि पूर्व अभ्यास शुरु गरेको छ । जिल्ला प्रसासन कार्यालय दैलेखकोआयोजनामा चुप्रा बजार नजिकै रहेको लोहेरे खोलामा गरिएको कार्यक्रममा सम्भावित क्षति रोक्न समितिले पूर्व तयारी शुरु गरेको हो ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालले संयुक्तरुपमा गरिएको अभ्यासमा बाढी तथा डुवानबाट हुने जोखिम न्युनिकरणका लागि दैलेखमा पूर्व तयारीका लागि अभ्यासको आयोजना गरिएको दैलेखका निमित्त प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले बताए ।

उनले यस वर्ष अघिल्लो वर्षको तुलनामा विपद्का घटनामा वृद्धि हुने सम्भावना रहेको जानकारी प्राप्त भएकाले विपद् व्यवस्थापनका लागि पूर्णरुपमा तयारी गरिएको जानकारी दिए । पूर्व तयारी, उद्धार, पुनस्थापना तथा राहतका काममा आफ्नो संयन्त्रलाई तयारी गरिएको समेत उनले बताए ।

अभ्यासमा घाइतेहरुको उद्धार, बाढीमा फसेकाहरुको उद्धार तथा प्राथमिक उपचारको बारेमा जानकारी समेत दिइएको थियो । मनसुनमा आइपर्ने बाढी, पहिरो तथा डुबानलगायतका विपद् व्यवस्थापनका लागि तयारी अवस्थामा रहेको तीनवटै सुरक्षा निकायले बताएका छन् । कार्यक्रममा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, जनप्रतिनिधि, कर्मचारी तथा सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो ।

## प्रधानमन्त्रीमाथि...

मिडियाहरुका अनुसार सिरिया र लेवनानको शान्तिसेना बुझन जाने क्रममा प्रधानसेनापति अमेरिका भ्रमण गर्ने कुरा उठिरहेको छ तर भ्रमणको एजेण्डा देखिदैन', गुरुङले भनेका थिए, 'रक्षा मन्त्रीको हैसियतले सम्माननीय प्रधानमन्त्रीको पनि अमेरिका भ्रमणको कुरा उठिरहेको छ । पहिलो कुरा अहिले यो स्थितिमा त्यो भ्रमण नै आवश्यक छैन ।'

गुरुङले राष्ट्रिय सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर अमेरिका भ्रमणका कार्यक्रमहरु स्थगित गर्न आग्रह गरेका थिए । उनले भनेका थिए, 'सम्माननीय प्रधानमन्त्रीको भ्रमण र प्रधानसेनापतिको भ्रमणका सन्दर्भमा पनि स्थगित गर्न आग्रह गर्न चाहान्छु ।' माओवादी केन्द्रकै सांसद सांसद गिरिराजमणि पोखरेलले पनि नेपाल अमेरिकी सैनिक र रणनीतिक कार्यक्रममा जोडिन खोजको हो ? भनी सरकारलाई प्रश्न गरेका छन् ।

नेपाल र अमेरिकाबीच स्टेट पार्टनरसिप प्रोग्रामको सम्झौता हुन लागेको र उक्त सम्झौतामार्फत नेपाल सैनिक र रणनीतिक कार्यक्रमहरुमा जोडिन खोजेको हो कि भन्ने आशंका उत्पन्न भएको उनको भनाइ छ । गत बिहीबार प्रतिनिधिसभा बोल्दे सांसद पोखरेलले नेपाल र अमेरिकाबीच हुन लागेको सैन्य भ्रमणको उद्देश्य र एजेण्डाबारे सरकारले सदनलाई जानकारी गराउनुपर्ने बताए ।

अमेरिकी सेनाका प्यासिफिक कमान्ड कमान्डिङ वरिष्ठ जर्नेल चार्ल्स ए फ्लिन चार दिने नेपाल भ्रमणमा आउँदैछन् । ए फ्लिन भारतीय सेनाका अधिकारीहरुसँग छलफलपछि नेपाल आउन लागेको भन्दै उनले आशंका व्यक्त गरे ।

केही समयपछि इन्डो प्यासिफिकका प्रमुख जोन लिनोले पनि नेपाल भ्रमण गर्ने तय भएको परराष्ट्र मन्त्रालय स्रोतको भनाइ छ । त्यसपछि नेपाली सेनाका सेनापतिले अमेरिका भ्रमण गर्ने र लगत्तै प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकी भ्रमण गर्ने तय भएको सूचना आएको उल्लेख गर्दै सांसद पोखरेलले भ्रमणहरुको उद्देश्य र एजेण्डाबारे जानकारी मागेका हुन् ।

'अमेरिकी सेनाहरुको नेपाल भ्रमण र नेपाली सेनाहरुको अमेरिकी भ्रमणको उद्देश्य र एजेण्डाबारे सरकारले सदनलाई जानकारी गराउनुपर्दैन ? अविलम्ब सदनलाई जानकारी गराइयोस् भन्ने माग गर्छु' उनले भने ।

सत्तापक्षकै संशय

सांसदहरुले सरकारलाई अन्य धेरै प्रश्नहरु पनि गरेका छन् । मन्त्री र पावरवाला सांसदको क्षेत्रमा मात्रै बजेट दिएको, समानुपातिक रुपमा बजेट वितरण हुन नसकेको सांसदहरुको आरोप छ ।

एमाले सांसद खगराज अधिकारीले २४ लाख कोभिड-१९ विरुद्धको खोप हराएको उल्लेख गर्दै त्यसको जवाफ दिन सरकारसँग माग गरेका छन् । आफू स्वास्थ्यमन्त्री भएकै बेला एचआईभी एड्सदेखि क्यान्सरसम्मका १३९ वटा औषधि निःशुल्क उपलब्ध गराउने व्यवस्था गरेको उल्लेख गर्दै सांसद अधिकारीले त्यसबारे अरु थप भ्रम नछर्न पनि चेतावनी दिएका छन् ।

सम्बन्धित मन्त्रीहरुले जवाफ दिए पनि प्रधानमन्त्री देउवामाथि अझ धेरै प्रश्नहरु संसदमा व्यक्त भएका छन् । बजेटमाथिको छलफलमा प्रतिपक्षीको आलोचना हुनुलाई स्वभाविक मानिन्छ तर, सत्तापक्षकै सांसदहरुबाट समेत संशय व्यक्त भएको छ । जसको निरुपण सम्बन्धित मन्त्रीले नभएर स्वमं प्रधानमन्त्री देउवाले गर्नुपर्नेछ । पाँच दलीय गठबन्धनको सरकारले आगामी मंसिरमा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन गराउनुपर्ने पृष्ठभूमिमा यो बजेट आएकाले पनि स्वार्थ र कार्यान्वयनमा सत्तारुढ सांसदहरुले नै संशय व्यक्त गरेको हुन सक्ने कतिपय सत्तारुढ दलका सांसदहरुको भनाई रहेको छ ।

सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा र माओवादी केन्द्रका सांसद गिरिराजमणि पोखरेलले बजेटको समग्र पक्षमा समर्थनसहित सबैभन्दा ज्यादा संशयपूर्ण प्रश्न गरेका छन् । पूर्व विभागीय मन्त्रीसमेत रहेका सांसदद्वयका मुख्य सवाल स्वास्थ्य र शिक्षासम्बन्धी छन् । सांसद थापाले अर्थमन्त्रीलाई बिहीबारको प्रतिनिधिसभाको बैठकमा ८ वटा प्रश्न गरेका थिए । सांसद थापा र पोखरेलले मुख्य सवालका रूपमा स्वास्थ्य बिमा कार्यक्रम निजी क्षेत्रलाई दिन लागेको भन्दै प्रश्न गरेका हुन् । यसको जवाफ पनि विभागीय मन्त्रीले भन्दा स्वमं प्रधानमन्त्रीले दिनुपर्ने हुन्छ ।

पहिलो सवाल थियो चालू खर्च धेरै र चुनावलक्षित बजेट निर्माण रहेको भन्ने। मंगलबार, बुधबार र बिहीबारको छलफलमा सहभागी अधिकांश प्रतिपक्षी दलका सांसदले आगामी वर्षको बजेट चुनावलक्षित भएको आरोप लगाएका थिए। एमाले सांसद तथा पूर्व अर्थमन्त्रीहरू विष्णु पौडेल र सुरेन्द्र पाण्डेले बजेट वितरणमुखी रहको टिप्पणी गरेका थिए।

कृषि र रासायनिक मलसम्बन्धी विषयमा सत्तापक्षीय सांसदले नै प्रश्न उठाएका छन् । कृषि उत्पादन बढाउने लक्ष्य स्पष्ट रहेको भएपनि कार्यान्वयनको स्पष्ट खाका आउन नसकेको उनीहरुको टिप्पणी छ । कतिपय सांसदले अर्थमन्त्रीले रासायनिक मलमा अनुदान २९ अर्बबाट घटाएर १५ अर्ब बनाएकोमा सरकारको चाल ठीक नरहेको भनी टिप्पणी गरेका छन् ।

पुँजीगत खर्च बढाउने उपाय बारेपनि सरकारलाई सांसदहरुको प्रश्न छ । नेपालमा पुँजीगत खर्च कम हुने परम्परा छ । चालू आर्थिक वर्षमा न्यून पुँजीगत खर्च भएका तथ्य सार्वजनिक भएका छन्। यसको वरिपरी रहेर सत्तापक्षीय र प्रतिपक्षी सांसदले निकै प्रश्न र आशंका व्यक्त गरेका छन् ।

विद्युतीय सवारीमा कर र विद्युतीय चुल्होको प्रयोग गर्ने सरकारको योजनासम्बन्धमा पनि सांसदहरुका प्रश्नहरु छन् ।

शिक्षा र स्वास्थ्यसम्बन्धी सवाल संसदमा भएको बहसमा सबैभन्दा पेचिलोमध्ये एक विषय बनेको छ । यो हुनुको मुख्य कारण वर्तमान अर्थमन्त्रीले शिक्षाको क्षेत्रमा आउनुपर्ने बजेटको सन्दर्भमा पुराना वक्तव्य र अहिलेको योजनाबीच फरक हुनु र स्वास्थ्य बिमासम्बन्धी तय गरिएका कार्यक्रम रहेको बताइन्छ । गतवर्ष विष्णु पौडेल अर्थमन्त्री हुँदा प्रस्तुत भएको बजेटमाथि टिप्पणी गर्दा शर्माले शिक्षामा २० प्रतिशत बजेट नछुट्याएकोमा आक्रोश व्यक्त गरेका थिए । यसपटक स्वयम् शर्माले बजेटमा झिनो मात्रामा बजेट बढाए । यसकारण पनि प्रतिनिधि सभामा शर्मा सांसदको निशानामा परेका छन् ।

स्वास्थ्य बिमासम्बन्धी बजेटमा राखेको व्यवस्थामा सत्तापक्षीय सांसद र प्रतिपक्षका सांसदहरू रुष्ट थिए । जसमा मन्त्री शर्माले स्वास्थ्य बिमामा निजी क्षेत्र भित्र्याउने कार्यक्रम राखेको आरोप लगाइएको छ । यसका अलावा दलित, समाजिक सुरक्षा, सुकुम्बासी तथा रोजगारीका सवालमा पनि सांसदहरुका प्रश्न छन् । यी प्रश्नहरुको समग्र जवाफ प्रधानमन्त्रीबाटै माग भएको छ ।

## कार्यकर्ता....

प्रधानमन्त्री देउवाले सरकारले कोभिड-१९ नियन्त्रण, रोकथामका लागि चालेको खोप अभियान लगायत कार्यक्रमहरूले हाल कोभिड नियन्त्रणमा आए पनि रुस-युक्रेन युद्धका कारण विश्व अर्थतन्त्र विभिन्न चुनौतिबाट गुज्रिएको बताए । जसकारण श्रमिकहरूको रोजीरोटीको मुख्य आधार उद्योग व्यवसाय क्षेत्रलाई समेत प्रभाव पारेको उनको भनाइ थियो ।

प्रधानमन्त्री देउवाले भनेका छन्, 'यस चुनौतिपूर्ण अवस्थामा अर्थतन्त्रलाई पुनःस्थापना गर्दै श्रम बजारलाई चलायमान गराउन, श्रमजीविहरूलाई रोजीरोटीको व्यवस्था गर्न सबैको सहयोग जरुरी छ । नेपालको संविधानले श्रमिकको हकलाई मौलिक हकको रूपमा स्थापित गर्दै प्रत्येक मजदुरलाई उचित श्रम अभ्यास र उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको प्रत्याभूति गरेको छ । यसैगरी प्रत्येक श्रमिकलाई कानुन बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने र सामूहिक सौदावाजी गर्ने हकको सुनिश्चितता गरेको छ ।'

## एक महिनापछि...

१०६ स्थानीय तह जितेको माओवादी केन्द्रले यसपटक १२१ स्थानीय तह जितेको छ । सत्तारुढ अन्य दलले पनि सम्मानजनक नतिजा निकालेका छन् । तर एमाले भने नेताहरुको दावी बिपरीत पराजित भएको छ ।

चुनावी पराजयलाई एमाले नेताहरुले धाँदली भएको, गठबन्धन बनेको र अन्तर्घात भएको बताउने गरेका छन् । तर औपचारिक निर्णय भने एमालेले गरेको थिएन, जुन आजको सचिवालय बैठकबाट निष्कर्ष निकाल्नेछ । यसबाहेक विभाग गठन, जनप्रतिनिधिहरुलाई प्रशिक्षण लगायत एजेण्डा तय गरेको छ ।

## मलेसियामा नेपालीका...

भएको श्रम समझदारी र त्यसअघि तत्कालीन श्रम मन्त्री गोकर्ण विष्टले बिना कारण गरेको १५ महिना लामो बन्दको कारणले मलेसियामा नेपाली कामदारको विकल्प फेला पारेकोले नेपालले सबैभन्दा बढी गुमाउने जोखिम देखिएको हो ।

नेपाली कामदारको मुख्य गन्तव्य मुलुक मानिएको मलेसियामा मासिक १० हजारको हाराहारीमा नेपाली कामदार जाने गरेकोमा अहिले ह्वात्तै घटेको छ । मलेसियाले अरू देशबाट नपाउने तर नेपालमा पाउने सुरक्षा गार्ड अन्य देशबाट पनि लिन थालेको कारणले नेपालीको रोजगारी अवसर खुम्चिएको श्रेष्ठले बताए ।

नेपाल र मलेसियाबीच गरिएको श्रम सम्झौतामा नेपाली कामदारले पाउने तलब र सुविधामा स्पष्टता एवं एकरूपता र गन्तव्य मुलुकसम्म पुग्न लाग्ने खर्चसमेत रोजगारदाताले नै व्यहोर्ने सहमति भएको भए पनि त्यसमा रोजगारदाता सन्तुष्ट नरहेको बताइएको छ । बंगलादेशका कामदार लैजाँदा खर्च नलाग्ने तर सोही काममा नेपाली कामदार लैजाँदा खर्च बढ्ने गरेको कारणले उनीहरू बंगलादेशतर्फ आकर्षित भएको नेपाली व्यवसायीहरूको बुझाई छ ।

लागतका अतिरिक्त श्रम स्वीकृतिको अवधिमा पनि मलेसियन रोजगारदाताहरूले असन्तुष्टि जनाएका छन् । श्रम सम्झौता अनुसार नेपाली कामदारको श्रम स्वीकृति अवधि दुई वर्षको छ । तर बंगलबादेशबाट आउने कामदार कम्तीमा ५ वर्ष काम गर्छन् । अनुकूल भएमा त्यहीं विवाह गरेर बस्ने गरेका छन् । एउटै सरकारी दस्तुर तिरेर निकालेको डिमाण्डमा नेपालबाट कामदार लैजाँदा दुई वर्षपछि पुनः दस्तुर तिर्नुपर्ने, तर बंगलबादेशबाट जाने कामदार कम्तीमा पाँच वर्ष काम गर्ने भएपछि रोजगारदाताहरूले लागतको मुल्यांकन समेत गरेर आफुहरूसँग असन्तुष्टि जनाएको हाल मलेसियामा रहेका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व द्वितीय उपाध्यक्ष भूवनसिंह गुरूङले बताए ।

'श्रम स्वीकृतिको अवधि सम्झौतामा तीन वर्षबाट दुई वर्ष कायम गर्दा नेपालीको लागि प्रतिकुल ठहरिएको छ,' क्वालालम्पुरबाट गुरूङले भने, 'यसमा नेपाल सरकारले पुनर्विचार गर्नुपर्ने देखिएको छ ।'

मलेसियाले जनवरीमा प्लान्टेशन र फेब्रुअरीमा अन्य क्षेत्रको रोजगारी खुला गरेको हो । निवर्तमान महासचिव श्रेष्ठका अनुसार हाल नेपाली दूतावासमा दश हजारको हाराहारीमा मागपत्र प्रमाणीकरणका लागि पेश भएको छ । जुन संख्या अपेक्षा भन्दा थोरै हो । मलेसियामा रोजगारदातले कामदार आपूर्तिको जिम्मा निजी क्षेत्रका एजेन्सीलाई दिने गरेका छन् । एजेन्सीहरूले जहाँबाट आप्रवासी कामदार लिँदा फाइदा हुन्छ त्यतै रूची देखाउने गरेका छन् ।

प्रि भिसा प्रि टिकटको निर्णय कार्यान्वयनमा जोड दिइरहेका श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ

व्यवसायीहरूले डिमाण्ड ल्याउन पैसाको मुठो बोकेर गएको कारणले मलेसियाबाट सेवा शुल्क र हवाई टिकट नआएको भन्दै वैदेशिक रोजगार व्यवसायीहरूका अगाडि नै असन्तुष्टि जनाएका छन् । तर बंगलादेशबाट रोजगारीका लागि मलेसिया जाने कामदारको लागत बंगलादेशको दैनिक पत्रिका एशिएन एजका अनुसार औषतमा ४ लाख १७ हजार बंगलादेशी टाका रहेको छ । आइतबारको सटही दरअनुसार उक्त रकम ५ लाख ५८ हजार नेपाली हुन्छ ।

बंगलादेशले मलेसिया कामदार पठाउन गत हप्ता मात्रै २५ वटा म्यानपावर छनोट गरेको छ । १३ सयमध्ये २५ वटा मात्र कम्पनी छनोट हुँदा यसअघि छनोट भएका १० वटा कम्पनीले भन्दा बढी रकम उठाउने बंगलादेशका छनोटमा नपरेका व्यवसायीहरूको दाबी छ । उनीहरूले २५ वटा म्यानपावर कम्पनीको सिण्डिकेटले कामदारको लागत थप बढाउने दाबी गरेका छन् । उनीहरूले गरेको दाबी सत्य भएमा नेपाल आउने डिमाण्ड बंगलादेशले लैजाने नेपाली व्यवसायीहरुले आंकलन गरेका छन् ।

नेपालबाट म्यानुफ्याक्चरिङ, सुरक्षागार्ड र सर्भिस सेक्टरमा कामदार जाने गरेका छन् । नेपाली सुरक्षागार्डको योग्यतामा केही वर्षयता त्यहाँका रोजगारदाताले प्रश्न उठाउँदै आएका छन् । सम्झौता अघि सुरक्षागार्ड छुट्टै छनोट एवं भर्ना प्रक्रियामार्फत पठाइने गरिएको थियो भने श्रम सम्झौतामा नेपाली सुरक्षागार्डलाई पनि उल्लेख भएको शून्य लागतको नयाँ प्रक्रिया अनुसार पठाइने सहमति छ ।

मलेसियामा अहिलेसम्म ४ लाख आप्रवासी कामदारको एप्रुभल भएको भन्दै निवर्तमान महासचिव श्रेष्ठले बंगलादेशीहरू हाबी नभएको अवस्थामा त्यसको करिब २० प्रतिशतले हुने झण्डै ८० हजार डिमाण्ड नेपाल आउने बताए । जुन संख्या नेपालमा गरिएको आंकलन भन्दा धेरै कम हो । मलेसिया जाने कामदारको संख्या घट्दा त्यसको प्रत्यक्ष असर रेमिट्यान्समा निर्भर नेपालको अर्थतन्त्रमा पर्न सक्ने कतिपयको टिप्पणी छ ।

## मन्त्री श्रेष्ठको...

अपेक्षित उपलब्धिको आंकलन पनि रणनीतिक योजनामा गरिएको मन्त्री श्रेष्ठले बताए ।

विभिन्न सरोकार भएका पक्षसँग छलफल गरिसकिएको र प्राप्त सुझावहरूलाई समेटेर रणनीतिलाई अन्तिम स्वरूप दिने उनको भनाइ छ । रणनीतिक योजनामा आन्तरिक रोजगारी प्रवर्द्धन, वैदेशिक रोजगार व्यवस्थापन, श्रम सम्बन्ध तथा व्यवसायजन्य सुरक्षा, व्यावसायिक सीप विकास तालिम, योगदानमा आधारित सामाजिक सुरक्षा, सुशासन प्रवर्द्धन तथा श्रम कुटनीति गरी छ वटा स्तम्भ राखिएको छ ।

आन्तरिक रोजगारी प्रवर्द्धनतर्फ न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने, उत्पादनशील रोजगारीको प्रवर्द्धन तथा विस्तार गर्ने र एकीकृत रोजगार सेवा प्रवाह गर्ने उल्लेख छ । यस्तै वैदेशिक रोजगार व्यवस्थापनतर्फ वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने, अन्तर्राष्ट्रिय श्रम बजारमा रहेका सीपयुक्त रोजगारीका अवसरहरुको पहिचान गरी वैदेशिक रोजगारलाई अधिकतम प्रतिफलयुक्त बनाउने, वैदेशिक रोजगारीबाट नेपाली कामदारले भित्र्याएको पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवको सदुपयोग गरी पुनःएकीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने, वैदेशिक रोजगारसँग सम्बन्धित अन्तर्राष्ट्रिय मञ्चहरुमा सक्रिय उपस्थिति जनाउने र वैदेशिक रोजगारीमा रहेका नेपाली महिलाको सुरक्षा र अधिकारको प्रत्याभूति गर्ने उल्लेख छ ।

श्रम सम्बन्ध तथा व्यवसायजन्य सुरक्षातर्फ श्रम प्रशासनसँग सम्बन्धित कानूनहरुलाई समसामयिक बनाउने, श्रमको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, असल औद्योगिक श्रम सम्बन्ध कायम गर्ने, श्रम अभ्यासलाई मर्यादित बनाउँदै श्रमशक्तिको विविधताको अधिकतम उपयोग गर्ने, बालश्रम निवारण गुरुयोजना २०७५-२०८५ को कार्यान्वयन गर्ने, व्यावसायिक स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन गर्दै कार्यस्थलमा हुने जोखिमलाई न्यूनीकरण गर्ने, श्रम प्रशासनको क्षेत्रमा कार्यरत निकायको सुदृढीकरण तथा क्षमता विकास गर्ने, व्यवसाय र मानव अधिकारको प्रवर्द्धन गर्ने, अनौपचारिक श्रमलाई क्रमशः औपचारिकीकरण गर्ने, राष्ट्रिय श्रम बजारको आवश्यकता बमोजिम दक्ष तथा अर्धदक्ष जनशक्तिको माग र आपुर्तिबीच सन्तुलन कायम गर्ने उल्लेख छ ।

साथै व्यावसायिक सीप विकास तालिमतर्फ अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न योग्य जनशक्तिको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, व्यावसायिक तथा सीपमूलक तालिममा नागरिकको सहज पहुँच स्थापित गर्नुका साथै तालिमलाई गुणस्तरीय र जीवनपयोगी बनाउने भनिएको छ भने योगदानमा आधारित सामाजिक सुरक्षातर्फ सामाजिक सुरक्षा कोषको कार्यक्षेत्रभित्र रहेका श्रमिक, कर्मचारी र स्वरोजगारमा रहेका व्यक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने, सामाजिक सुरक्षा कोषको वित्तीय दीगोपना हासिल गर्ने, सामाजिक सुरक्षा कोषको संस्थागत सुदृढीकरण गर्ने, गैर योगदानमा आधारित सामाजिक संरक्षण प्रणालीलाई योगदानमा आधारित सामाजिक सुरक्षामा रुपान्तरण गरी समष्टिगत कुशलता हासिल गर्ने उल्लेख छ ।

सुशासन प्रवर्द्धन तथा श्रम कुटनीतितर्फ नीतिगत तथा कानूनी सुधार गर्ने, आन्तरिक रोजगार व्यवस्थापनलाई प्रभावकारी बनाउने, वैदेशिक रोजगार प्रशासनलाई सरल, सुलभ र प्रविधिमैत्री बनाउने, आन्तरिक श्रम प्रशासन सम्बन्धी कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउने, वित्तीय तथा प्रशासकीय सुशासन कायम गर्ने र श्रम कुटनीतिलाई प्रभावकारी बनाउने उल्लेख छ ।

रणनीतिक योजनामा देशभित्र उत्पादनशील रोजगारीका अवसर विस्तार गर्दै बेरोजगारीको दरमा न्यूनीकरण गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग बमोजिको श्रमशक्ति उत्पादन गर्न व्यावसायिक तथा सीप विकास तालिमलाई गुणस्तरीय बनाउने, असल औद्योगिक श्रम सम्बन्ध कायम गर्ने, बालश्रम लगायत सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने, एकीकृत सामाजिक सुरक्षा नीति अबलम्बन गरी आम नागरिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा समेट्ने, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने, श्रम र वैदेशिक रोजगार सम्बन्धी सूचना प्रणालीलाई एकीकृत र व्यवस्थित गर्ने उद्देश्य राखिएको छ ।

आर्थिक वर्ष ०८३/०८४ सम्म प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत वार्षिक ४ लाख रोजगारी सिर्जना गर्ने, द्विपक्षीय श्रम सम्झौता भएका मुलुकको संख्या १९ पुऱ्याउने, सातवटा सीप विकास तालिम प्रतिष्ठानहरू स्थापना गर्ने, सामाजिक सुरक्षा कोषमा आवद्ध हुने श्रमिकको संख्या १० लाख पुऱ्याउने, विदेशस्थित कुटनीतिक नियोगहरुबाट १२ वटा सेल्टर हाउस सञ्चालन गर्ने अपेक्षित उपलब्धिको आंकलन गरिएको छ ।

नेपाल सरकार
**रक्षा मन्त्रालय**

**सूर्यदल गणको जग्गा प्राप्तिका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण (Scoping) सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशन मितिः २०७९/०२/३०)**

वागमती प्रदेश, ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं ६, देवीडांडामा सूर्यदल गणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयार गर्न क्षेत्र निर्धारण (Scoping) गर्नुपर्ने भएकाले वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४ (२) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| प्रस्ताव | विवरण |
|---|---|
| सूर्यदल गणको गुरुयोजना अनुसार जग्गा प्राप्ति गर्ने | फायरिङ्ग रेञ्ज, पार्किङ्ग, वर्कसप, खेलमैदान/ परेड मैदान, क्वाटरगार्ड, सैनिक आवास, केन्द्रीय सहभोजनालय, पौडी पोखरी, मनोरंजन हल, बाधापार इलाका, पाहुना घर, स्टोर र हेलिप्याड लगायत अन्य विभिन्न संरचनाहरूको निर्माण गर्ने |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा आयोजना कार्यान्वयनका सिलसिलामा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न गोदावरी नगरपालिका वडा नं ६ का विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४ (२) बमोजिम अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सूर्यदल गण, देवीडांडा ब्यारेक, गोदावरी-६, ललितपुर<br>ईमेलः suryadal2073@gmail.com, फोन नः ०१-६२२७०१७ |
| **परामर्शदाताको नाम र ठेगाना** | पारागन इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि., ललितपुर महानगरपालिका-१, बखुण्डोल<br>ईमेलः info@paragon.com.np, फोन नः ०१-५४३०६०० |

# काठमाडौं महानगरभित्र ‘ब्रुमर’ सञ्चालन गरिने



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले तीन दिन भित्रमा यान्त्रिक कुचो (ब्रुमर ) सञ्चालनमा ल्याइने बताएका छन् । प्रमुख शाहको अध्यक्षतामा आइतबार बसेको कार्यपालिका बैठकमा कार्यपालिका सदस्यहरुको प्रश्नको जवाफ दिँदै उनले ब्रुमर छिट्टै सञ्चालनमा ल्याइने जानकारी दिएका हुन् । चालकको करार अवधि सकिएकाले ब्रुमर दुई महिनादेखि सञ्चालनमा आउन सकेको थिएन । उक्त समस्या समाधान गरेर पुनः सञ्चालनमा ल्याइने उनले बताए ।

नगर प्रहरी परिचालनका लागि वडाध्यक्षहरुले सिधै नगर प्रहरी बलका प्रमुखसँग जनशक्ति माग गर्न सक्ने प्रमुख शाहले बताए। विकास साझेदारसँग हरेक महिनाको पहिलो सोमबार बैठक बसेर समन्वय बढाइने उनले बताए । बैठकका प्रस्तावमाथि छलफल गर्ने क्रममा प्रमुख शाहले महानगर आफैँभित्र अन्तरविभाग र विकास साझेदार कार्यालयबीच समन्वय बलियो बनाइने बताए । समन्वय कायम गरेरै अहिले देखिएका समस्या क्रमशः समाधान हुँदै जाने उनले बताए । शाहले भने, ‘साझा प्रयास र सहभागिताले लक्ष्य हासिल हुने हो । यो सबैसँगै हुनुपर्छ ।’

उपप्रमुख सुनिता डङ्गोलले पूर्वतयारीसहित गरिएको बैठक उपलब्धिमूलक भएको बताइन् । साझा धारणा बनाएर अगाडि बढ्नका लागि आउँदा दिनमा पनि पूर्वतयारीसहित बैठक गरिने उनको भनाइ छ । बैठकले नगरसभाको ११ औं अधिवेशन आगामी असार ५ गते गर्ने निर्णय गरेको छ । बैठकले उपप्रमुख डङ्गोलको अध्यक्षतामा स्थानीय राजश्व परामर्श समिति गठन गरेको छ ।

बैठकमा प्रमुख साहले पेस गरेको कार्यपालिका अन्तर्गतका विषयगत समितिका संयोजकको नाम अनुमोदन भएको छ । सुशासन समितिमा वडा नं २६ का अध्यक्ष ख्यामराज तिवारी, वित्त समितिमा वडा नं १५ का अध्यक्ष ईश्वरमान डङ्गोल, सामाजिक समितिमा वडा नं १० का अध्यक्ष रामकुमार केसी र पूर्वाधार समितिमा वडा नं १६ का अध्यक्ष मुकुन्द रिजाल रहेका छन् । वातावरण समितिमा वडा नं १२ का अध्यक्ष बालकृष्ण महर्जन, भवन व्यवस्था समितिमा वडा नं ११ का अध्यक्ष हीरालाल तण्डुकार, सम्पदा तथा पर्यटन समितिमा वडा नं ८ का अध्यक्ष आशामान सङ्गत र सूचना प्रविधि समितिमा वडा नं १७ का अध्यक्ष नवीन मानन्धर छन् ।

यस्तै, शिक्षा र स्वास्थ्य समितिमा वडा नं २२ का अध्यक्ष चिनीकाजी महर्जन, विधायन समितिमा वडा नं २३ का अध्यक्ष मचाराजा महर्जन, राजश्व समितिमा वडा नं ३२ का अध्यक्ष नवराज पराजुली र विपद् व्यवस्थापन समितिमा वडा नं ३ का अध्यक्ष प्रेम थापा संयोजक रहेका छन् ।

बैठकमा छलफल गर्दै कार्यपालिका सदस्यहरुले समुदाय स्तरका समस्या, महानगरसँग वडाले गरेका अपेक्षा, आफूले गरेका प्रयास र समग्र महानगरको समृद्धिका विषयमा धारणा राखेका थिए । फोहरमैला व्यवस्थापन गर्ने, ब्रुमरको नियमित उपयोग, खानेपानी तथा ढल निकासका लागि फरक फरक कार्यालयले काम गर्दाको असजिलो, वडा र महानगरको भूमिका, बिजुलीका तार व्यवस्थापन गर्दा खनिएका खाडलको व्यवस्थापनका विषयमा वडा सदस्यहरुले आ–आफ्नो धारणा राखेका थिए । बैठकमा प्रमुख शाहले कार्यपालिका सदस्य मीना सुनारलाई पद तथा गोपनीयताको शपथ गराएका थिए ।

# स्थानीय सरकार हाँक्ने ३२ वर्षीय केसी

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, २९ जेठ




रुकुम पश्चिमका रवि केसी ३२ वर्षका भए । उनी यही उमेरमा स्थानीय सरकारको नेतृत्वमा पुगेका छन् । माओवादी केन्द्रबाट उम्मेदवार बनेका केसी आठबिसकोट नगरपालिकाको मेयरमा निर्वाचित भएका हुन् । केसीले निकटम प्रतिद्वन्द्वी कांग्रेसका धिरेन्द्र कुमार बटालालाई ७ सय ८४ मतान्तरले पराजित गरे । केसीले ७ हजार ३ सय ९९ र बटालाले ६ हजार ६ सय १५ मत पाए ।

विद्यार्थी संगठनबाट राजनीति शुरु गरेका केसी निर्वाचित भएपछि आफ्नो पहिलो प्राथमिकता कृषिमा क्रान्ति ल्याउने रहेको बताउँछन् । विद्यार्थी संगठनको इकाई कमिटीबाट शुरुवात गरेको राजनीतिक जीवन पार्टीको नगर अध्यक्ष हुँदै नगर प्रमुखसम्म पुगेको केसीले बताए ।

क्याम्पस पढ्न सुर्खेत शिक्षा क्याम्पस, मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेत छिरेपछि आफ्नो राजनीतिक हिडाईको गति बढेको उनी बताउँछन् । विद्यार्थी राजनीतिमा लाग्नेका लागी मध्यपश्चिम विश्वविद्यालय एउटा गतिलो खुड्किलो हो । उनी त्यही खुड्किलोबाट २०७० सालमा मध्यपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस सुर्खतको अध्यक्ष बने । माओवादी सुर्खेतको जिल्ला कमिटी सदस्य हुँदै आठबिसकोट नगर कमिटी सचिव, अध्यक्ष भएर पार्टीमा सक्रियताका साथ लागे र ३२ वर्षको तन्नेरी अवस्थामै स्थानीय तहको प्रमुखको जिम्मेवारीमा पुग्न सफल भए ।

१५ वर्षको हुँदा अखिल क्रान्तिकारीको सदस्यता लिएका केसी एमाले, नेपाली कांग्रेस सहितका अन्य गठबन्धन दलका उम्मेदवारलाई हराउँदै नगर प्रमुखमा विजयी भए ।

माओवादी र एमाले एक हुँदाको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) रुकुम पश्चिम जिल्ला सचिवालय सदस्य बनेका केसीको राजनीतिक यात्राले दुई दशक पूरा गरेको छ। विद्यालयमै ८ कक्षामा पढ्दा अखिल क्रान्तिकारी एकाई सचिवबाट उनले राजनीति शुरु गरेका थिए ।

आठबिसकोटलाई समृद्ध सुव्यवस्थित र सुन्दर नगर बनाउने योजनासहित निर्वाचित भएका केसी युवाहरुका लागि आशाका केन्द्र बनेका छन् । तार्किक, अध्ययनशील, जुझारु, कुशल र निडर भएका कर्णाली प्रदेशकै कान्छा नगरप्रमुख केसी यतिबेला नयाँ परिचय बनाउन लागेका छन् ।

राजनीतिक शास्त्रमा स्नातक गरेका केसीले दुई दशकमै जनताको मन जितेर लोकप्रियता कमाएका छन् । उनी विद्यार्थी राजनीतिमा लाग्नेहरुका लागि प्रेरणाको स्रोत बनेका छन् । राजनीतिमा सक्रिय भएर निरन्तर लाग्नेहरु राजनीतिमा स्थापित हुन्छन् भन्ने उदाहरण केसीको राजनीतिक जीवन यात्राबाट प्रष्ट हुन्छ ।

स्थानीय तहको संरचनामा रुकुम पश्चिममा तीन वटा नगरपालिका र तीन वटा गाउँपालिका छन् । ती सबै नगरपालिका र गाउँपालिका मध्येमा केसीले सबैभन्दा बढी मत ल्याएर विजयी भएका हुन् ।

सबैभन्दा कम उमेरमा नगरप्रमुख बनेका केसी उमेरभन्दा जिम्मेवारी र राजनितिक पृष्ठभूमिले परिपक्व भएकोले पालिका नेतृत्वमा होमिएको बताउँछन् । उनी भन्छन, ‘उमेरले कान्छो भएपनि म राजनीतिक हिसावले परिपक्व छु । समृद्ध नगर निर्माणका लागि ठोस् योजना, भिजन र मिसन बनाएको छु । सोही अनुसार काम गर्ने संकल्पसहित नगरपालिकाको समग्र विकासमा लाग्ने छु ।’

गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा देशैभरीको अवस्थालाई विश्लेषण गर्दा जनप्रतिनिधिको रुपमा धेरै युवाहरु स्थानीय तहको नेतृत्वमा पुगेका छन् । युवा शक्ति नै परिवर्तनका वाहक हुन् जसले असल समाज र राष्ट्र निर्माणमा सदैव महत्वपूर्ण भूमिका खेलेका हुन्छन् भन्ने कुराको उदाहरण युवा जनप्रतिनिधिले प्रष्ट पारिदिएका छन् ।

विद्यार्थी संगठनमा इमान्दार खटाई, सक्षम र पार्टीभित्र योग्यमत व्यक्तित्व र समाजले विश्वास गरेका केसी सानै उमेरमा नगरपिता बनेका छन् । उनी व्यक्तिगत व्यवाहारकै कारण बढी लोकप्रिय छन् । युवा नेतृत्वलाई अवसर दिन र कृषि मार्फत युवाहरुलाई नै पहिलो प्राथमिकतामा राखेर चुनावी मैदानमा उत्रिएका केसीले युवाहरुकै साथ पाए । कांग्रेसले उठाएका उम्मेदवार भन्दा धेरै योग्य र सक्षम अनुहार भएकोले जनताले आफुलाई चुनेको र चुनाव जित्न सहज भएको उनको दाबी छ ।

जिल्लाको ४६ प्रतिशत भुभाग रहेको आठबिसकोट नगरपालिकामा कृषि र पशुपालनमा जोड दिएर सबैलाई आत्मनिर्भर बनाउने मुख्य योजनासहित कृषीमा आधुनिक प्रविधि प्रयोग गरी पालिकाको स्तर उकास्नमा जोड दिईने उनको भनाइ छ । राजनीतिमा स्थापित हुने दौडमा अघि बढेका ३२ वर्षका केसीले आगामी पाँच वर्ष स्थानीय सरकारको नेतृत्व गर्ने अवसर पाएका छन् ।

## रोल्पा डायरी

**सन्दिप खड्का/मध्यान्ह**

# उपचार नपाएर सुत्केरीको मृत्यु

रोल्पामा उपचार नपाएर एक सुत्केरी महिलाको मृत्यु भएको छ ।

रोल्पा नगरपालिका–१० धबाङ गाउँकी करिब ३० वर्षीया महिलाको दुई साताअघि मृत्यु भएको हो । उनले घरैमा जुम्ल्याहा बच्चा जन्माएकी थिइन् । उनको एउटा बच्चाको पनि मृत्यु भएको छ ।

उनलाई गर्भवती भएका बेला उच्च रक्तचापको समस्या देखिएको थियो । पेटमा जुम्ल्याहा बच्चा भएकाले अप्रेसन गर्न कठिनाई हुने भएपछि सुविधा सम्पन्न अस्पताल जान रोल्पा अस्पतालका डा. प्रकाशबहादुर बुढाका सुझाव दिएका थिए ।

‘थप सुविधासम्पन्न अस्पतालमा जान सल्लाह दिए पनि उनी घरमा गएको पाइयो,’ उनले भने । उनका श्रीमान् वैदेशिक रोजगारीमा छन् । उनी आठ वर्षकी छोरीसहित घरमा बस्दै आएकी थिइन् ।

वडाध्यक्ष मतिलाल डाँगीले जटिल अवस्थाकी गर्भवतीको अवस्थाबारे स्वास्थ्य संस्थाले सोधखोज नगर्नु दुःखद भएको बताए ।

# पहिरोले पुरिएर २ बालकको मृत्यु



रोल्पामा सडक खन्दै गरेको स्थानबाट पहिरो खस्दा पुरिएर २ बालकको मृत्यु भएको छ ।

जिल्लाको परिवर्तन गाउँपालिकाको वडा न. ५ दाउने भिर भन्ने ठाउँमा आइतबार बिहान स्काभेटर मेसिनले सडक खन्दै गरेको स्थानमा पहिरो झर्दा सडकमा खेलिरहेका २ बालकको पुरिएर मृत्यु भएको हो ।

ईलाका प्रहरी कार्यालय घर्ती गाउँ रोल्पाका प्रमुख प्रहरी निरीक्षक देब राज भट्टराईले मध्यान्हसँग कुरा गर्दै भने, ‘सडक खन्ने मेसिन रोकेर मेसिनका अप्रेटर खाना खान गएको समयमा सडकको माथिबाट पहिरो झरेको हो । सोही पहिरोले दुई बालक पुरिएका हुन् । उनीहरुको उद्वार गरिएको छ ।’ निरीक्षक भट्टराईका अनुसार पुरिएर मृत्यु हुनेमा स्थानीय ६ वर्षका डेविट खड्का र २ वर्षीय इशान खड्का रहेका छन् ।

# अर्घाखाँची उद्योग वाणिज्य संघको अध्यक्षमा मिश्र



**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखाची, २९ जेठ

अर्घाखाँची उद्योग वाणिज्य संघको वार्षिक साधारणसभा तथा छैठौं अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले प्रदिप मिश्रको अध्यक्षतामा २३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

समितिको बरिष्ठ उपाध्यक्षमा रामप्रसाद भुसाल, वाणिज्य उपाध्यक्षमा दिलबहादुर वलि (साजन), उद्योग उपाध्यक्षमा काजी श्रेष्ठ, महासचिवमा तुल्सिराम खनाल, सचिवमा शन्तोष बस्नेत क्षेत्री, कोषाध्यक्षमा रुद्र प्रसाद श्रेष्ठ र सहसचिवमा लेखनाथ भुसाल चयन भएका छन् ।

यसैगरी सदस्यमा सुमित्रा ढकाल, सपिना निशा, शिवप्रसाद बन्जाडे, कमल प्रसाद खनाल, डिलबहादुर सुनार पुर्ण, लेखनाथ भण्डारी, बाबुराम पौडेल, लक्ष्मण केसी, आतीस किरण विक, मोतीलाल खनाल, श्यामकृष्ण श्रेष्ठ, प्रकाशचन्द्र बन्जाडे, चेतनारायण भुसाल, कृष्णबहादुर विश्वकर्मा र तुल्सिराम पन्थीलाई सर्वसम्मत चयन गरिएको छ ।

नवनिर्वाचित अध्यक्ष मिश्र युवा व्यवसायी हुन् । उच्चशिक्षा अध्ययन गर्दागर्दै व्यापार व्यवसायमा जोडिएका उनी सफल व्यवसायी मानिन्छन् । उनका मिश्र निर्माण सेवा, मिश्र सप्लायर्स, सन्धिखर्क रोडा ढुङ्गा उद्योग लगायतका आधा दर्जन बढी कम्पनी संचालनमा छन् । २०४१ सालमा अर्घाखाँची जिल्लाको मालारानी –७ रखालेमा जन्मिएका मिश्र व्यवसायीबीच निक्कै लोकप्रिय छन् । २०६९ सालमा सचिव र २०७५ सालमा अर्घाखाँची उद्योग वाणिज्य संघको महासचिव भइसकेका मिश्रले सामाजिक क्षेत्रमा पनि राम्रो दख्खल राख्छन् । उनी करिब १ दर्जन बढी संस्थामा आवद्ध छन् । मिश्र अध्यक्ष भएसँगै जिल्लाका व्यवसायीमा खुसियाली छाएको छ ।

अध्यक्ष पदमा सर्वसम्मत चयन भएसँगै मिश्रले उद्योगी व्यपारीको निम्ति अहोरात्र खट्ने प्रतिवद्धता जनाए । उनले व्यवसायीको मुहारमा खुशी ल्याउने गरि काम गर्ने बताए । मिश्रले व्यापारीको करबाट राज्य चलेको भन्दै निजी क्षेत्र प्रति गम्भीर हुन राज्यको ध्यानाकर्षण गराएका छन् ।

नवनिर्वाचित कार्यसमितिले आइतबार नै पद तथा गोपनियताको शपथ ग्रहण गरेको छ । अध्यक्ष मिश्रलाई निर्वाचन समितिका अध्यक्ष कमल प्रसाद घिमिरे र अन्य पदाधिकारी तथा सदस्यहरुलाई अध्यक्ष मिश्रले शपथ गराएका थिए ।

शपथ ग्रहण पछि आयोजित कार्यक्रममा मन्तव्य राख्दै अर्घाखाँची उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष युवराज श्रेष्ठले सक्षम र जुझारु टिमलाई नेतृत्व हस्तान्तरण गर्न पाउँदा आफुलाई निक्कै खुशी लागेको बताए । उनले नवनिर्वाचित टिममा काम गर्ने ईच्छा शक्ति भएका युवाहरू भएको बताए ।

# गौर बसपार्कको समस्या छिट्टै समाधान गरिने



**सत्येन्द्र प्रताप सिंह**
रौतहट, २९ जेठ

रौतहट सदरमुकाम गौरको बसपार्क समस्या छिट्टै समाधान गरिने भएको छ ।

बस पार्कको विद्युत सेवा अवरुद्वको गुनासो पश्चात आइतबार नगर प्रमुख शम्भु साहले अनुगमन गरेका छन् ।

अनुगमन पश्चात् साहले गौर बसपार्कको विद्युत् सेवा अवरुद्ध हुनुको मुख्य कारक ठेकेदार रहेको दावी गरेका छन् । विद्युत् महसुल ८ लाख तिर्न बाँकी रहेकोले विद्युत् सेवा अवरुद्ध भएको नगर प्रमुख साहले बताए ।

सो बारे स्थानीयको व्यापक जनगुनासो आएपछि तत्काल स्थलगत समस्या बुझिएको हो । ठेक्का सकार गर्ने ठेकेदारद्वारा व्यापक लापरबाही भएको भेटिएको साहले बताए ।

ठेकेदारले ९९ लाख ९ हजार ९ सय ९९ मा रुपैयाँमा ३ वर्षको लागि ठेक्का सकार गरेको र म्याद सकिन १ महिना मात्र बाँकी रहँदा पनि गौर नगरपालिकालाई बुझाउनु पर्ने करिब ५८ लाख रुपैयाँ तिर्न बाँकी रहेको नगर प्रमुख साहले बताए । अनुगमनको क्रममा नगरप्रमुख साहले समस्या समाधानका लागि आवश्यक सुझावका साथ यथाशिघ्र प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।

**काठ लिलाम बिक्री बारे २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०२/३०**

यस चियाबारी सा ब उ स उदयपुरगढी गा पा वडा नं. ७ ले आ.व ०७८/०८९ मा उत्पादन गरेको लट नं. २ को साल जातको गोलिया थान ५९ को ४६७.८३ क्युफिट र लट नं ३ को साल जातको गोलिया थान ५१ को ४७५.९० समूह बाहिर बिक्री बितरण गर्नको लागि २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि सा ब उ स को कार्यलयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**चियाबारी सामुदायिक बन उपभोक्ता समूह उदयपुरगढी गा पा ७ उदयपुरमा**

**काठ लिलाम बिक्री बारे २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०२/३०**

यस पन्चकन्या सा ब उ स उदयपुरगढी गा पा वडा नं. ७ ले आ.व ०७८ /०८९ मा उत्पादन गरेको लट नं. १ को साल जातको गोलिया थान ४७ को ५७६.४८ क्युफिट समूह बाहिर बिक्री बितरण गर्नको लागि २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि सा ब उ स को कार्यलयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**पन्चकन्या सामुदायिक बन उपभोक्ता समूह उदयपुरगढी गा पा ७ उदयपुर**

**VACANCY ANNOUNCEMENT**

A leading Recruitment Agency is in the process of hiring suitable personnel who would be in a position to add value & help the organization grow for the following job designations.

- **Documentation: 3 Female**
  * Must be 10+2 pass with relevant experience, diligent, pleasing personality with excellent communication and computer skills.
- **PRO: 6 Male/Female**
  * Must have relevant experience, Mature and responsible and should be able to work under adverse circumstances with poise.

Salary Negotiable

This is an urgent requirement and you may be asked to join immediately. Interested candidates may send their applications/CV to nrcemployment@gmail.com by June 15th 2022

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७९/०२/३०

यस कम्पनीको मिति २०७९/०१/२२ मा सम्पन्न विशेष साधारणसभाको बमोजिम साविक कम्पनी **स्टडी अफेयर्स कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. १९०२२३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/१३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **प्रोफाउण्ड मल्टीनेशनल एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** कायम गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **सत्यम इण्टरनेशनल सर्भिस प्रा. लि.** श्रम इजाजत पत्र नं. **(इ.प.नं. ५६९/०६२/०६३)** को नाममा स्थायी घर **हरिहरपुर ०१, धनुषा** , ना.प्र. नं. **३६०७६३७०** भएको **संजिव कुमार साह**लाई यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन ।

Govt. Lic No.: 569/062/063

**सत्यम इण्टरनेशनल सर्भिस प्रा. लि.**

सुविधानगर, काठमाडौं, नेपाल, फोनः 01-5199336, 5199157

काठमाडौं मो.: 9802090530, 9802090520 Email: stmintlnpl@gmail.com

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय अर्घाखाँचीको अनुरोध**

१. आफू र आफ्नो परिवारको सरसफाईमा ध्यान दिऔं ।
२. बारम्बार हात धुने र नियमितरूपमा नुहाउने गरौं ।
३. चर्पी गएपछि, फोहोर कुरा छोएपछि, घर बाहिर गएर आएपछि साबुन पानीले मिचिमिचि हात धुने गरौं ।
४. पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिउने गरौं ।
५. पानीको मुहानको नियमितरूपमा सरसफाई गर्ने गरौं ।
६. वर्षतको पानीलाई उचितरूपमा व्यवस्थापन गरौं ।
७. पानीको समुचितरूपमा प्रयोग गरौं ।

कार्यालय प्रमुख

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
सन्धीखर्क, अर्घाखाँची

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३० जेठ २०७९, सोमबार
13 June 2022, Monday

## सम्पादकीय

# शक्ति राष्ट्रहरुको असर र नेपालको भूमिका

प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभामा अमेरिकी उपमन्त्रीको नेपाल भ्रमणबारे प्रश्न उठाएपछि कुटनीतिक विषय बहसमा आएको छ । स्थानीय चुनाव लगत्तै अध्यक्ष ओलीले प्रतिनिधिसभा सम्बोधन गर्दै अमेरिकी उपमन्त्रीले नेपालको उत्तरी क्षेत्रमा गरेको भ्रमणबारे प्रश्न उठाएका थिए । नेपाल सरकारले अमेरिकी उपमन्त्रीलाई नेपाल भ्रमणका क्रममा दिइएको अनुमतिलाई लिएर ओलीले मुलुकको कुटनैतिक नीतिबारे जवाफ मागेका थिए । जवाफमा प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भने नेपालबाट दलाइ लामा हटाउने काम आफैले गरेको बताए । यस्तो अभिव्यक्तिले चीनसँगको सम्बन्ध सुमधुर रहेको संकेत प्रधानमन्त्री देउवाले दिन खोजेको लुक्दैन । सँगै, चीनको महत्वकांक्षी परियोजना बीआरआई पनि बहसको विषय बनेको छ । त्यो पनि प्रधानमन्त्री देउवाको अमेरिका भ्रमण हुन लाग्दा यस्ता गतिविधि, अभिव्यक्ति र दृष्य देखिएका छन् ।

चीन सरकारले पनि नेपाल मामिलामा पछिल्लो समय तुलनात्मक बढी खुलेको प्रष्ट संकेत दिएको छ । गएको १५ फागुनमा अमेरिकी सहायता परियोजना एमसीसी अनुमोदन गर्ने निर्णय नेपाली जनताको भएको तर्कसहित अमेरिकी बक्तव्यको लगातार खण्डन गरेको थियो । विदेश मन्त्रालयबाट बक्तत्व जारी गरेरै चीनले एमसीसी अनुमोदनमा दबाव दिइए सह्य नहुने चेतावनी दिएको थियो । तर ठूलो विरोधका बाबजुत प्रतिनिधिसभाबाट एमसीसी अनुमोदन भइसकेको छ । एमसीसी अनुमोदन पछि पनि अमेरिका र चीनको चेतावनीयुक्त मन्तव्य रोकिएको छैन । यसले मुलुकको कुटनैतिक सम्बन्धमाथि चासो र चिन्ता गरिदै आएको छ । किनकि भौगोलिक अवस्था र ऐतिहासिक सम्बन्धका आधारमा चीन नेपालको असल छिमेकी हो ।

अमेरिकासँग पनि नेपालको निकै पुरानो सम्बन्ध छ । अहिले पनि सहयोग, सद्भाव र सहकार्यमा अमेरिकासँग नेपालको राम्रो सम्बन्ध छ । तर पछिल्ला गतिविधिले मुलुकको कुटनैतिक सम्बन्ध प्रभावित हुने खतरा देखिन्छ । चीन सरकारले अमेरिकाले इण्डो–प्यासिफिक क्षेत्र समेट्नेगरी ल्याएको रणनीतिक परियोजनाका कारण चीनलाई एक्ल्याउने प्रयत्न भएको प्रतिक्रिया दिएको छ । कतिसम्म भने चिनियाँ विदेश मन्त्रीले अपहरणको शैलीमा एसियाबाट अमेरिकाले समर्थन जुटाउन खोजेको टिप्पणी गरेका छन् । यदि यी दुई शक्ति राष्ट्रबीचको सम्बन्धमा समस्या आएको त्यसको असर नेपालले भोग्नुपर्ने प्रष्ट संकेत देखिन थालेको छ । यस्तो बेलामा मुलुकभित्रका राजनीतिक शक्तिहरूको समान धारणा बन्नु र मुलुक आफ्नो परराष्ट्र नीतिमा अडिग रहन आवश्यक छ । शक्ति राष्ट्र नेपालका लागि समस्या नभएर अवसर बनाउन पनि यसतर्फ ध्यान जान आवश्यक छ ।

# निर्वाचन आयोग पुनर्संरचनाको आवश्यकता

*देशमा अझै केन्द्रीय मानसिकताले दरिलोसित जरो गाडेर बसेको छ । त्यसको प्रतिविम्ब निर्वाचन आयोगमा देख्न सकिन्छ । आयोगका प्रादेशिक र जिल्ला निर्वाचन कार्यालयहरू छन् तर, ती केन्द्रको प्रशासनिक शाखाका रूपमा मात्रै छन् । तिनले निर्णय गर्न सक्दैनन् । केन्द्रको निर्णय परिपालना गर्ने बाहेक केही गर्न सक्दैनन् ।*

अग्रलेख



● निष्णु थिङ

भर्खरै सम्पन्न भएको स्थानीय सरकारको निर्वाचनले निर्वाचन आयोगको पुनर्संरचना गर्नुपर्ने विषय साह्रै खट्काइदियो । आयोगको पुनर्संरचना नहुँदा परिवर्तित सन्दर्भमा यसको भूमिका राम्रो हुन सकेन । राज्यको पुनर्संरचनाको विषय पहिलो र दोस्रो संविधानसभामा निकै चर्चा भएको थियो । यो विषय साह्रै पेचिलो रह्यो । दोस्रो संविधानसभाले वि.सं. २०७२ मा नयाँ संविधान जारी भएपछि राज्य पुनर्संरचनाको विषयले आफ्नै प्रकारले गति लियो । राज्य पुनर्संरचनाको मुद्धाले सबै क्षेत्रमा स्पर्श गरे । त्यसमा राष्ट्रिय योजना आयोगदेखि लिएर राज्यको अरु संवैधानिक अङ्गहरुको पनि पुनर्संरचनाको विषय उठेको थियो । नयाँ संविधानले राज्यका पुराना संरचनाहरुलाई बदलेर सात प्रदेश र सात सय ५३ वटा पालिकाहरुमा विभक्त गरी तीन तहका सरकारहरुसमेत निर्माण गरियो । भर्खरै, स्थानीय सरकारको दोस्रो कार्यकालको लागि निर्वाचन सम्पन्न भएर नयाँ जनप्रतिनिधिहरु आए । बदलिदो संवैधानिक परिस्थितिमा राज्यको बनावट र संरचनामा पनि व्यापक परिवर्तन र रुपान्तरण भए ।

लोकसेवा आयोगजस्ता संवैधानिक आयोगको पनि पुनर्संरचना भयो । अहिले प्रत्येक प्रदेशमा प्रादेशिक लोक सेवा आयोगहरु निर्माण भएका छन् । प्रादेशिक सरकारहरुले आफ्ना स्वायत्त निकायहरु गठन गर्दै छन् । यति सबै हुदै गर्दा संवैधानिक अङ्गको रुपमा रहेको निर्वाचन आयोग भने संघीय व्यवस्थामा मुलुक गएपनि केन्द्रीकृत नै रहेको छ । नयाँ संविधान जारी भएपछि दुई वटा स्थानीय सरकारका निर्वाचनहरु सम्पन्न भइसक्यो । प्रादेशिक र संघीय प्रतिनिधिसभा दोस्रो निर्वाचन पनि यसै वर्ष हुँदै छन् । मुलुकका सबै पुराना संरचनाहरु नयाँ संरचनामा जाँदा निर्वाचन आयोग भने उहीँ पुरानै ढाँचामा चलिरहेको छ । हालै सम्पन्न स्थानीय सरकारको निर्वाचनले आयोगको पुनर्संरचना गर्नुपर्ने झनै बढी अनुभूत गरायो । अब निर्वाचन आयोगको पुनर्संरचनाको आवश्यकतामा विलम्ब हुँदै गएको छ । नयाँ राज्यको संरचनामा नागरिकका आकांक्षाहरु र चाहनाहरुले बेग्लै स्वायत्त आकार लिन थालेका छन् । तीन तहको सरकारप्रति नागरिक, राजनीतिक दलको स्वरुपमा मौलिक भिन्नता आइसकेको छ । यी तीन तहका सरकारहरु हिजोका जस्ता केन्द्र सरकारका प्रशासनिक इकाइ होइनन् । बरु सार्वभौम सरकारहरु हुन् । यी सरकारहरुले आपसमा सहकार्य, साझेदारी र समन्वय गर्न सक्छन् । तर संघीय सरकारको ठाडो आदेशमा प्रदेश र स्थानीय सरकार चल्नु पर्ने नीतिगत, संवैधानिक र कानुनी बाध्यता छैन । आ-आफ्ना व्यवस्थापिका र कार्यपालिकाहरु छन् । कार्यपालिकालाई आवश्यक नीति र कानुन सार्वभौम व्यवस्थापिकाले बनाउन सकिने छ ।

काठमाडौं महानगरपालिकाको मतगणना हुँदै गर्दा गठबन्धनका उपप्रमुखका उम्मेदवार रामेश्वर श्रेष्ठले प्राविधिक विषयलाई लिएर मुद्दा हालेका छन् । उनको दावी छ, नेपाली कांग्रेस र एकीकृत समाजवादीले गठबन्धन गरेर निर्वाचनमा गएपछि कांग्रेसको उपप्रमुखको चिन्हमा खसेको मत आफ्नोमा गन्ती हुनुपर्ने जिकिर छ । उपप्रमुखमा कलम र कांग्रेस दुवै चिन्हमा परेका मतहरु बदर नहुनु पर्ने समेत उनको मागदावी छ । निर्वाचन आयोगको विद्यमान नीति, कानुन र संरचनाले यसलाई स्वीकार गर्ला जस्तो देखिन्न । तैपनि गठबन्धन गरेको लोकले थाहै छ र त्यसको आधारमा उनको दावी एकहदसम्म जायज नै छ । बरु निर्वाचन आयोगले यस्तो प्राविधिक समस्या आउन सक्ने बेलैमा आकंलन गरेर ध्यान दिन सकेको भए अहिले यो लफडा हुने थिएन । निर्वाचन आयोगको विद्यमान संरचनाको कारणले गर्दा यस्तो हुन गएको हो । देशमा अझै केन्द्रीय मानसिकताले दरिलोसित जरो गाडेर बसेको छ । त्यसको प्रतिविम्ब निर्वाचन आयोगमा देख्न सकिन्छ । आयोगका प्रादेशिक र जिल्ला निर्वाचन कार्यालयहरु छन् । तर, ती केन्द्रको प्रशासनिक शाखाका रुपमा मात्रै छन् । तिनले निर्णय गर्न सक्दैन । केन्द्रको निर्णय परिपालना गर्ने बाहेक केही गर्न सक्दैनन् । ती संस्थाहरु आदेशपालकको हैसियतमा मात्रै रहेका छन् ।

केन्द्रको निर्वाचन आयोगले देशभरिका सबै स्थानीय सरकारको निर्वाचनको लागि मतपत्र छाप्ने काम गर्दै आएको छ । त्यहीँबाटै त्रुटिको प्रारम्भ भएको हो । केन्द्रले मतपत्र छाप्ने र देशभरि वितरण गर्ने तरिका ठीक छैन । प्राध्यापक कृष्ण खनालले यसप्रति संकेत गरेका छन् । उनले




कान्तिपुरको 'स्थानीय चुनाव र बालेन तहल्का' स्तम्भमा, 'यस्तो मतपत्र भएन, यो वाहियात नै हो । यसका कारण सही ठाउँ मतछाप नपरेका र अत्यधिक संख्यामा मत बदर भएका दृष्टान्त नै छन् । उम्मेदवार नै नभएका अनगिन्ती चुनाव चिन्ह भएको नाङ्लोजत्रो मतपत्र मतदातालाई बोकाउनु भएन । मतपत्र निर्वाचन आयोगका सजिलाका लागि होइन, मतदाताका लागि सजिलो हुनुपर्छ । उम्मेदवार निश्चित भएपछि जिल्ला-जिल्लामै स्तरीय मतपत्र छपाउन सकिन्छ ।' लेखेका छन् । (जेष्ठ ८ गते)

एउटै फर्म्याटको मतपत्रले देशभरिका सात सय ५३ पालिकाहरुका विशेषता र भिन्नतालाई सम्बोधन गर्न सकिदैन । एउटै जुत्ता सबैका खुट्टामा लगाउन खोज्नु व्यावहारिक हुँदैन । अलग-अलग पालिका र प्रदेशहरुका आफ्नै विविधता र आवश्यकता हुन्छन् । भिन्न-भिन्न समस्या हुन्छन् । तिनलाई सम्बोधन गर्न अहिलेका निर्वाचन आयोग असफल भइरहेको छ । देशभरि एउटै मतपत्र छापेर एकै पटक निर्वाचन गर्ने पनि तौरतरिका राम्रो होइन । प्रत्येक पालिकामा उम्मेदवारीको स्वरुप र संख्या नै फरक हुन्छन् । हुन त गत स्थानीय सरकारको निर्वाचन तीन पटकमा पूरा गरेको थियो । सबै पालिकाहरुमा सबै दलका उम्मेदवारी परेको यसपालि पनि देखिएन । त्यसो हुँदा दैनिक पत्रिकाजस्तो ठूला-ठूला मतपत्रहरु छाप्नु पहिलो त खर्चको हिसाबले खर्चिलो र दोस्रो मत बदर पर्याप्त मात्रामा भएका छन् । कतिपय स्थानहरुमा जति मत बदर भएका छन्, त्योभन्दा कम मतले चुनावै हारेका दृष्टान्तहरु पनि देखियो । मत बदर हुनुमा मतपत्रको आकार र चिन्हहरुको अधिक संख्याले गर्दा मतदातालाई अलमलको स्थिति सिर्जना भएको छ । पत्रिका जत्रो मतपत्र हेर्दा आँखा नै तिरमिराउने रहेछन् । त्यो चिन्ह नै चिन्हको जङ्गलमा आफूले रोजेको मतचिन्ह खोज्नु कठिन हुँदोरहेछ । घण्टौं लाइनमा बसरे तातो घाममा मेरो मतदान केन्द्रमा धेरै मतदाताहरु बेहोस पनि भए । मत दिनलाई कठिन हुनका कारण ठूलो भीड रहेछ । त्यत्रो भीडमा भोक, प्यास र थकाइबीचमा मतदान गर्नु चुनौतीपूर्ण छ । मतदान केन्द्रको संख्या पनि पर्याप्त बनाउन आवश्यक छ । ताकि मतदाताले सजिलै मतदान गर्न सकियोस् । कम भीडभाडले मत बदर हुने वातावरणलाई पनि न्यूनीकरण गर्ने छ ।

उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि त्यहीँ अनुसारकै मतपत्र छाप्ने व्यवस्था मिलाउन आवश्यक छ । त्यसो गर्न सके बरु पालिकामा सीमित मतचिन्हहरु मात्रै हुँदा मतपत्र सानो र मतचिन्हको संख्या न्यून हुन्छ । जसले गर्दा मत बदर हुने सम्भावना कम हुने छ । गठबन्धन भएका दलहरुको मतचिन्ह उहीँ लस्करमा हुँदा मतदातालाई मत दिन सजिलो हुने छ र बदर हुने कार्य निरुत्साहित हुदै जाने छ । एउटा पालिकाका मतदातालाई अर्को पालिकाको मतपत्र थाहा पाउनु आवश्यक छैन । पालिकामा परेको उम्मेदवारीको आधारमा मतपत्र हुँदा त्यसले कागजको पनि बचत गराउँछ । कागजको बचतले वनङ्गलमा पर्ने भार पनि कम गराउँछ ।

अहिले नेपालको सरकार लगायत विश्वका सबैले व्यहोरिरहेको जलवायु संकटमा रुखविरुवा रोपेर अक्सिजन उत्पादन गर्ने ग्लास्गोमा सहमति र सम्झौतालाई पनि यसले सहयोग नै पुग्ने छ । अहिले विद्यालय सुचारु हुँदा जनक शिक्षा सामग्रीले कागजको अभावले गर्दा पुस्तक छाप्न ढिलाई भएको बताइरहेको सन्दर्भमा अनावश्यक मतपत्र छापेर कागज खेर फाल्नु भन्दा बचत गरेर यता प्रयोग सकेको भए नानीहरुले बेलैमा पाठ्यपुस्तक पाउने थिए । बरु स्थानीयस्तरमै मतपत्र छपाईमा समय लाग्ने भएकोले उम्मेदवारी दिने समय केही अगाडि नै मिलाउनु पर्छ । त्यसले मतपत्र छपाई र निर्वाचन प्रचार प्रसार गर्न पनि समय अलि मिल्ने थियो । यसपालि वैशाख १६ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशनपछि मौन अवधि सुरु हुनुभन्दा अगाडि जम्मा १२ दिन उम्मेदवारले आफ्नो एजेण्डासहित मतदाताको घर-घरमा जाने मौका पाए । त्यति समय उम्मेदवार र मतदाता दुवैलाई अपर्याप्त हुँदा रहेछन् । उम्मेदवारहरुलाई प्रत्येक मतदाताका घरमा एकपटक पुग्न पनि हम्मे-हम्मे हुँदा रहेछन् । कति उम्मेदवार चाहेरै पनि मतदाताको घरमा पुग्न नसकेको पनि पाइयो ।

अहिलेको निर्वाचन आयोगको संरचनाले कान्तिपथमा आएर दल दर्ता गर्ने विकल्प मात्र दिएको छ । नेपाल तीन तहको सरकारको अभ्यासमा जान थालेको एक दशक पनि पुगेको छैन । यहीँ बीचमै थुप्रै बदलावहरु समाजमा देखिन थालेका छन् । तीन तहको सरकारको अभ्यास सघन हुँदै जादा भविष्यमा प्रादेशिक र स्थानीय स्तरका दलहरु जन्मिन सक्नेछन् । प्रादेशिक स्तरका दलहरुले भारतमा राष्ट्रियस्तरका भनिएका दलहरुलाई आच्छु-आच्छु पार्दै आएका छन् । ममता बनर्जीको त्रिणमुल कांग्रेसले पश्चिम बगांल, प्रेम सिंह गोलेको दलले सिक्किममा, आम आद्मी पार्टीले दिल्ली र हरियाणामा माथ लगाउन थालेका छन् । नेपालमा पनि त्यो दृश्यहरु देखिन थालेका छन् । पालिकास्तरमै दलहरु बन्ने प्रक्रिया अबका दिनमा सुरु हुने छन् । रेशम चौधरी निर्देशित दलले कैलालीका चार वटा पालिकाहरुमा विजय हासिल गरे । त्यस्तै अरु दलले पनि निश्चित पालिकामा जितेका छन् । स्थानीय सरकारले स्वतन्त्र ढङ्गले थुप्रै काम, कर्तव्य र अधिकार अभ्यास गर्न पाउने भएकाले पालिकास्तरको दल उदय हुने सम्भावनालाई नकार्न सकिदैन । राष्ट्रिय भनिएका दलहरुले ठूला-ठूला नारा दिने र अमूर्त सपना बेच्दै आएकाले स्थानीय आवश्यकता, प्राथमिकता र आकांक्षालाई प्रतिनिधित्व गर्न नसकिरहेको सन्दर्भमा पालिकास्तरको दल जन्मिने सम्भावनालाई नकार्न सकिदैन ।

नागरिकलाई ठूला-ठूला नारामा पहिलो त विश्वासै छैन । दोस्रोमा त्यस्ता सपनाको आफ्नो दैनिक जीवनमा कुनै व्यावहारिक औचित्यता र तालमेल नभएको बोध गर्न थालेका छन् । त्यस्तो अवस्थामा अहिलेका हिजोकै मानसिकताका प्रतीक केन्द्रीय निर्वाचन आयोगले त्यसलाई कसरी व्यवस्थापन गर्ने होला ? पालिकास्तरमा खोलिएका दलहरुले परम्परागत ठूला भनाउदा राष्ट्रिय दलहरुलाई कडा चुनौती पेश गर्न सक्नेछन् । काठमाडौं महानगरपालिका, धरान उपमहानगर, जनकपुर, धनगढीलगायत देशका थुप्रै पालिकाहरुमा एउटा स्वतन्त्र उम्मेदवारले सफल उदाहरण दिन सक्छन् भने स्थानीय आकांक्षाहरु र आवश्यकताको प्रतिनिधित्व गर्दै खुल्ने दलहरुले झन चुनौती नदिने कुरै भएन । राज्यका सबै अङ्गहरु पुनर्संरचना भइरहदा निर्वाचन आयोगचाँहि उहीँ हुनु पर्छ भन्ने छैन । यसको पनि पुनर्संरचना आवश्यक छ । भविष्यमा प्रदेश सरकारले प्रादेशिक निर्वाचन आयोगहरु गठन पनि गर्न सक्नेछ । अहिलेको केन्द्रीय निर्वाचन आयोगको संरचनाले अब बदलिदो शासकीय व्यवस्था र संरचनामा काम गर्न सकिदैन । त्यसैले यसको पुनर्संरचना गर्नै पर्ने आवश्यकता छ ।

## सामाजिक सञ्जाल



**- महारूद्रप्रसाद पोखरेल**

संघीयताले गर्दा एमसीसी कम्प्याक्टको नाममा देश पराधिन हुने अवस्थामा पुगिसकेको छ । भ्रष्टाचार र अत्याचार त बेलगाम भइसक्यो – अब यो आयातित संघीयता खारेज गरेर यसअघिको जस्तै विकास क्षेत्रको अवधारणा अगाडि सार्नुपर्छ । तब मात्र देश ठिक ठाउँमा आउने छ । सबैको हालसम्मको अकर्मण्यता पनि धोइ–पखाली हुनेछ !



**- किशोर नेपाल**

फोहोर व्यवस्थापनमा पनि बिचौलिया ! कांग्रेस र एमाले गठबन्धनका प्रभावशाली नेताहरू फोहर हेर्छन् र फोहरकै राजनीतिमा रमाउँछन् । स्नानागारमा सबै नांगा छन् । कसले कसलाई झोस्ने कसले कसलाई पोल्ने ?



**- गोविन्दकुमार थापा**

वर्षौंदेखि देश राजनीतिक दलहरूको चङ्गुलमा कसरी फसिरहेको छ भन्ने कुरा काठमाडौं महानगरमा बालेन शाह उदाएपछि छर्लङ्ग हुँदैछ । पार्टीका नेता, कार्यकर्ता, प्रतिनिधि, पत्रकार मिलेर देशलाई कसरी खोक्रो बनाएका रहेछन् प्रष्ट हुँदैछ । यस्तै अवस्था रह्यो भने अब देशैभर बालेनहरू उदाउनु जरूरी छ ।



**- आनन्दराम पौडेल**

शिक्षा अन्तर्राष्ट्रिय गुणस्तरको होस् । शिक्षाको गुणस्तरमा निरन्तर निगरानि भैरहोस् । अध्ययन–अध्यापनमा कत्ति पनि कम्प्रोमाइज नगरियोस् । अन्यत्रभन्दा शुल्क कमै होस् । मेडिकल कलेज र आइटी कलेज खुल्दैजाउन् । मेडिकल र आइटी पढ्न विदेशबाट बिद्यार्थीको ओइरो लाग्ने छ र विदेशी मुद्रा आउने छ ।



**- कृष्ण घिमिरे**

नेपाली हावापानी गाँजाका खेतिका लागि उपयुक्त । अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षासहित थाइल्याण्डले समेत गाँजा उत्पादनलाई कानूनी मान्यता दियो । नेपालमा यो बहसले सही बाटो पहिल्याएन । सम्भावनालाई नकारात्मक आँखाले नहेरौं । दुरूपयोग अनुगमन गरौं, गाँजा खेतीलाई कानूनी मान्यता दिऊँ ।

# बिग्रँदै मानव–प्रकृति सम्बन्ध

मानिस र प्रकृति एकअर्काका पूरक हुन् । दुवैको सहयोग र सहकार्यले मात्र पृथ्वीलाई हरियाली र सुन्दर बनाउन सम्भव छ । तर, हामी सबैले यो पूरकता बिर्सिरहेका छौं । मानिसभित्रको बढ्दो लालचको परिणाम आज जल, वन र जमिनमा समस्याहरु देखिएका छन् । जसले क्रमशः मानवीय समाजलाई नै संकटतर्फ पनि धकेलिरहेको छ ।

विचार



● भावना मासिवाल

विश्व वातावरण दिवसका दिन ठूलो संख्यामा रुख रोपिए । रुख रोपिएका तस्विरहरु भाइरल बनाइए । तर तिनीहरूको हेरचाह र संरक्षणका बारेमा भने कुनै बहस छैन । हामी देखाउनका निम्ति मात्रै प्रकृति संरक्षणको कुरा गरिरहेका त छैनौ भन्ने बहस देखिएको छ । जसका कारण पृथ्वीमा जीवन छ तर यो जीवन कहिलेसम्म सम्भव हुन्छ भन्ने बहससमेत उठेको छ ।

कोरोना प्रकोपमा अक्सिजनको अभावले मानिसलाई अक्सिजनको महत्व बुझेर वातावरण संरक्षणमा लाग्नुपर्ने भावना जगायो । यो विपद्ले हामीलाई वातावरण संरक्षणमा फेरि सोच्न र एकजुट भएर अगाडि बढ्न सिकाएको छ, किनभने हामी सबै सुविधाका कारण वातावरणप्रति लापरवाह भएका छौं । यो लापरवाही महानगरहरूमा मात्र होइन ग्रामीण परिवेशमा पनि देखिन्छ । कतै वनजंगल जलाउने क्रम निरन्तर चलिरहेको छ, त कतै कटानीको कामहरु भइरहेका छन् । सहरदेखि गाउँसम्म फोहोर र विद्युतीय फोहोरको पहाड बनिरहेको छ, जुन विकासको दौडमा अझै बहसको केन्द्रविहीन छ ।

**बढ्दो प्रकृतिको विनाश**

मानिस र प्रकृति एकअर्काका पूरक हुन् । दुवैको सहयोग र सहकार्यले मात्र पृथ्वीलाई हरियाली र सुन्दर बनाउन सम्भव छ । तर, हामी सबैले यो पूरकता बिर्सिरहेका छौं । मानिसभित्रको बढ्दो लालचको परिणाम आज जल, वन र जमिनमा समस्याहरु देखिएका छन् । जसले क्रमशः मानवीय समाजलाई नै संकटतर्फ पनि धकेलिरहेको छ ।

यतिबेला यो महामारीको युगमा सारा विश्व नै फेरि सोच्न र बुझ्न बाध्य छ कि यसको विकास यात्रामा सहयात्री स्वभाव कहाँ छ ? किनकी विकास मानिसको चाहना हुन सक्छ तर प्रकृतिले मात्र स्रोतसाधनको सहयोग दिन्छ । तैपनि अहंकारी भावमा हामी मानवले आफूलाई सुरु र अन्त्य ठान्ने मानवीय प्रवृत्तिमा आफ्नै सहयात्री र सहकारितालाई नष्ट गर्दै अगाडि बढ्छौं । भविष्यको आकांक्षामा ढुकुर जस्तै आँखा बन्द गर्छन्, जसले सोच्छ कि आफ्नो अगाडि उभिएको बिरालोले यसलाई खाँदैन । मानिसको स्वभाव पनि यस्तो छ, उसले आफ्नो कामना र लोभमा सबै नष्ट गर्छ र फेरि रुवाइमा आउँछ । मानव र प्रकृतिबीच अनादिकालदेखि नै सहवासको सम्बन्ध रहिआएको छ । तर बिस्तारै यो सम्बन्ध टुट्दै उपभोक्ता-उपभोक्ता सम्बन्ध बन्न थालेको छ ।

मानव र प्रकृतिको बदलिँदो सम्बन्धका बारेमा विश्वस्तरमा छलफल भइरहेको छ भने प्रकृति र मानिसबीचको सम्बन्धलाई सुदृढ गर्न र प्रकृतिको संरक्षणका लागि सैद्धान्तिक तहमा काम भइरहेको छ । सोही प्रक्रियामा यसपटकको विश्व वातावरण दिवसको नारा पनि 'ओन्ली वन अर्थ' राखिएको थियो ।

पृथ्वी मानिसको मात्र होइन, यस संसारमा रहेका सबै प्राणीको हो । सबैको सहयोग र साथले नै पृथ्वी जीवित छ । आफूलाई श्रेष्ठ ठान्ने मानसिकतामा हामी प्रायः आफूभन्दा कमजोरको शोषण गरिरहेका देखिन्छौं ।

**निष्कर्षमा,**

पृथ्वी सबै प्राणीहरुको घर हो । मानिस मात्रै होइन सबै प्राणीहरुका आवश्यकताहरु यहींबाट पूर्ती भइरहेको छ । तर, आज मानिसले आफ्नो घर जस्तो मात्रै मानेर प्रकृतिमाथि गलत व्यवहार गरिरहेको छ । जसको प्रभाव आज पृथ्वीमा जल, जमिन र हावामा बस्ने जीवहरूमा देख्न सकिन्छ ।

सहरमा जनसंख्या र रुखको अभावका कारण चराचुरुङ्गीका पालहरू घरको छेउ र बालकनी बसेका छन् । प्रजननका क्रममा घर नपुग्दा अण्डा कहिले घरमा र कहिले बालकनीमा पाइन्छ ।

तीव्र गतिमा जङ्गल काट्ने र खानाको खोजीका कारण जनसंख्या भएका क्षेत्रमा जनावरहरूको प्रवेश बढेको छ र यी सबै घटनाहरूबाट पनि हामीले यो मानिस र प्रकृतिबीचको बिग्रँदै गएको देखिन्छ । तर, मानिसले सम्बन्धको परिणाम हो भनेर सिकेका छैनन् । मानिसले आफ्नो रुचीलाई मात्रै प्राथमिकतामा दिइरहेको छ ।

आज व्यक्तिगत र सामाजिक स्वार्थको द्वन्द्वका कारण पृथ्वीमा असन्तुलनको अवस्था मौलाइरहेको छ । आज यो व्यक्ति र समाजको दायित्व बनेको छ कि यस असन्तुलनलाई थोरै मात्रामा कम गर्न प्रयास गर्नुहोस् ताकि उसले पृथ्वीमा जीवनको सन्तुलन बचाउन सकोस् ।

*अमर उज्यालाबाट*

# अमेरिकामा बन्दुकसम्बन्धी कडा कानूनको माग गर्दै हजारौंको प्रदर्शन




**काठमाडौं/एजेन्सी–** बन्दुकसम्बन्धी कडा कानूनको माग गर्दै हजारौँ प्रदर्शनकारीले अमेरिकाका प्रमुख सहरहरूमा जुलुस निकालेका छन् । दुईवटा सामूहिक गोलीकाण्डको घटनापछि अमेरिकाभर प्रदर्शन भएको हो । सयौँको संख्यामा र्‍यालीमा सहभागीहरूले 'मलाई गोली हान्नबाट स्वतन्त्रता चाहन्छु' जस्ता नारा लगाएका थिए । अमेरिकी राष्ट्रपति जो बाइडेनले विरोध प्रदर्शनलाई समर्थन गर्दै कंग्रेसलाई बन्दुक सुरक्षा कानून पारित गर्न आह्वान गरेका छन् ।

यसका बाबजुद रिपब्लिकनहरूले कानूनी परिवर्तनको सम्भावनालाई खारेज गर्ने सम्भावना छ । मे २४ मा टेक्सासको उभाल्देस्थित रोब इलिमेन्टरीमा भएको गोलीकाण्डमा १९ बालबालिका र दुई वयस्कको मृत्यु भएको थियो । त्यसअघि न्युयोर्कको बफेलोमा आक्रमण हुँदा १० जना मारिएका थिए । एकपछि अर्को श्रृंखलाबद्ध हमलापछि अमेरिकामा बन्दुक नियन्त्रणका लागि पुनः आह्वान हुन थालेका छन् ।

शनिबार फ्लोरिडामा सन् २०१८ मा पार्कल्याण्ड स्कूल गोलाबारीबाट बचेकाहरूद्वारा स्थापना गरिएको बन्दुक सुरक्षा समूह मार्च फर अवर लाइभ्सले वाशिंगटन डीसी, न्युयोर्क, लस एन्जलस र सिकागो लगायत देशभर ४५० र्‍याली निकालेको छ ।

सो समूहले मानिसहरू मारिने क्रम जारी रहँदा राजनीतिकर्मीलाई चुप लागेर बस्न नदिने बताएको छ । राजनीतिक नेताहरूको निष्क्रियताले अमेरिकीहरूलाई मारिरहेको एमएफओएलले बताएको छ । 'मानिसहरू मरिइरहँदा हामी तिमीहरूलाई चुप लागेर बस्ने अनुमति दिने छैनौं,' समूहका कार्यसमिति सदस्य ट्रेभोन बोस्लेले एक विज्ञप्तिमार्फत भनेका छन् ।

वाशिङ्टन डीसीमा प्रदर्शनकारीहरूसँग बोल्दै पार्कल्यान्ड गोली प्रहारबाट बचेका डेभिड होगले भने, 'युभाल्डीमा भएको बालबालिकाको हत्याले मानिसलाई क्रोध र परिवर्तनको माग केन्द्रित बनाउनु पर्छ ।' उनले यस विषयमा बहसभन्दा परिवर्तन हुनुपर्ने कुरामा जोड दिए ।

न्यूयोर्कको बेफेलोमा जातीयताप्रेरित गोली प्रहारमा ८६ वर्षीय आमा गुमाएकी गार्नेल ह्विटफिल्डले वाशिङ्टनमा जम्मा भएका प्रदर्शनकारी समक्ष भनिन्, 'हामी यहाँ न्यायको माग गर्न आएका छौँ । हामी यहाँ तिनीहरूसँग उभिएका छौँ जो विवेकपूर्ण तरिकाले बन्दुकसम्बन्धी कडा कानूनको माग गरिरहेका छन् ।'

एमएफओएलले आक्रमण गर्न प्रयोग हुने हतियारमा प्रतिबन्ध लगाउन, बन्दुक खरिद गर्न खोज्नेहरूको वा बन्दुक बोक्नेहरूलाई दिइने राष्ट्रिय अनुमतिपत्र प्रणालीको लागि आवेदन दिनेहरूको विश्वव्यापी पृष्ठभूमि जाँच गर्नेलगायत माग गरेको छ ।

एमएफओएलको पहिलो विरोध प्रदर्शन सन् २०१८ मा फ्लोरिडाको पार्कल्यान्ड विद्यालयमा १४ जना विद्यार्थी र तीन वयस्क मारिने गरी भएको गोली प्रहार लगत्तै आयोजना भएको थियो ।

हतियारहरू प्रतिबन्धित गर्न, हतियार खरिदकर्ताको पृष्ठभूमि जाँचहरू कडा गर्न र अन्य बन्दुक नियन्त्रण उपायहरू लागु गर्न आग्रह गरेका राष्ट्रपति जो बाइडनले शनिवारको विरोध प्रदर्शनलाई समर्थन गरे ।

# युक्रेनको हतियार भण्डार ध्वस्त पारेको रुसको दाबी



**काठमाडौं/एजेन्सी–** अमेरिका र युरोपेली मुलुकबाट युक्रेनमा आपूर्ति गरिएका हतियारको ठूलो भण्डारण ध्वस्त पारिएको रुसी सेनाले जनाएको छ । रुसी समाचार संस्था इन्टरफ्याक्सले रुसी रक्षा अधिकारीलाई उद्धृत गर्दै जनाएअनुसार रुसले प्रहार गरेको क्रुज क्षेप्यास्त्रबाट युक्रेनी हतियार भण्डारण ध्वस्त भएको हो ।

रुसी फौजले युक्रेनको टेर्नोपिल क्षेत्रमा क्रुज क्षेप्यास्त्र प्रहार गरेको दाबी गरिएको छ । टेर्नोपिल क्षेत्रका गभर्नरले आफ्नो क्षेत्रस्थित चोर्तकिभ सहरमा रुसी फौजले कृष्ण सगरबाट क्रुज क्षेप्यास्त्र प्रहार गरेको पुष्टि गरेको अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले जनाएको छ ।

गभर्नर भोलोदिमिर ट्रुसले जनाएअनुसार रुसी आक्रमणमा सैनिक पूर्वाधारमा आंशिक क्षति पुगेको जनाएका छन् । आक्रमणका क्रममा २२ जना घाइते भएको ट्रुसलाई उद्धृत गर्दै रोयटर्सले जनाएको छ । एकजना स्थानीय अधिकारीले रोयटर्सलाई बताएअनुसार सो क्षेत्रमा कुनै हतियार भण्डारण गरिएको भने थिएन ।

रुसी समाचार संस्था इन्टसफ्याक्सले कलिबर क्रुज क्षेप्यास्त्र प्रहार गरी हतियार राखिएको ठूलो भण्डारण ध्वस्त पारिएको दाबी गरेको हो । पछिल्लो समय पूर्वी युक्रेनको सेभेरोडोनेत्स्क सहरमा रुसी तथा युक्रेनी फौजबीच संघर्ष चर्किरहेका बेला रुसले युक्रेनमा पश्चिमा मुलुकबाट आपूर्ति गरिएका हतियारको भण्डारण ध्वस्त पारेको दाबी गरेको हो ।

यस्तै रुसी फौजले युक्रेनमा तीन लडाकु विमान खसालेको दाबी गरेको छ । रुसी रक्षा मन्त्रालयले आइतबार तीन युक्रेनी लडाकु विमान खसालेको दाबी गरेको हो । रुसी रक्षा मन्त्रालयका अनुसार रुसले विमानभेदी क्षेप्यास्त्रबाट दुई मिग २९ एवम् एक सुखोई सु २५ लडाकु विमान खसालेको दाबी गरेको हो ।

अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले जानएअनुसार मन्त्रालयले विज्ञप्ति जारी गर्दै युक्रेनी लडाकु विमान खसालेको दाबी गरेको हो । रुसी रक्षा मन्त्रालयको विज्ञप्तिमा मिकोलाइभ क्षेत्रमा मिग २९ लडाकु विमान खसालिएको हो । रुसी दाबीबारे युक्रेनी पक्षले कुनै टिप्पणी नगरेको रोयटर्सले जनाएको छ ।

# बेलायतले युक्रेनलाई थप सैन्य सहयोग उपलब्ध गराउने



**काठमाडौं/एजेन्सी–** बेलायतले युक्रेनलाई थप सैन्य सहयोग उपलब्ध गराउने भएको छ । बेलायती रक्षामन्त्री बेन वालेसले शनिबार सो प्रतिबद्धता सार्वजनिक गरेको विदेशी सञ्चारमाध्यमहरूले जनाएका छन् । हाल बेलायतको भ्रमणमा रहेका युक्रेनका रक्षामन्त्रीसँगको भेटघाटपछि रक्षामन्त्री वालेसले सो कुराको जानकारी दिएका हुन् ।

शनिबार उनीहरूबीच भएको भेटका क्रममा हालैका दिनहरूमा युक्रेनको अवस्थाको बारेमा युक्रेनी रक्षामन्त्रीले जानकारी गराएका थिए । अहिले पनि युक्रेनलाई बेलायतले सैन्य सहयोग दिइरहेको र यसलाई आगामी दिनमा थप गरिने बेलायती रक्षामन्त्री वालेसले जानकारी दिए ।

अहिले पनि युक्रेनमा रुसको हमला जारी नै रहेको भन्दै युक्रेनका रक्षामन्त्री ओलेक्सी रेनिकोभले रुससँग संघर्ष गर्नका लागि थप शक्तिशाली हतियार आवश्यक रहेको सो भेटमा बताएका थिए । युक्रेनी रक्षमन्त्रीको यो आग्रहपछि ब्रिटिश रक्षामन्त्री वालेसको यो प्रतिक्रिया आएको हो ।

गत महिना मात्र बेलायती प्रधानमन्त्री बोरिस जोनसनले युक्रेनको भ्रमण गरेका थिए । त्यस भ्रमणका क्रममा बेलायती प्रधानमन्त्री जोनसनले बेलायतले युक्रेनका लागि १.६ बिलियन अमेरिकी डलर बराबरको सैन्य सहायता उपलब्ध गराउने घोषणा गरेका थिए ।

# मारियोपोलमा हैजा महामारीको जोखिम



**काठमाडौं/एजेन्सी–** हप्तौँको गोलाबारीपछि ध्वस्त भएको युक्रेनी बन्दरगाह सहर मारियोपोलमा हैजा फैलिने जोखिम देखिएको छ । यो सहर अहिले रुसी नियन्त्रणमा पुगेका छ । सहरको अधिकांश पूर्वाधार ध्वस्त भएको वा क्षतिग्रस्त भएको तथा पानीमा ढल मिसिएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । हैजा साधरणतया दूषित पानी वा खानेकुरा सेवन गर्दा सर्छ । सरसफाइसँग यसको नजिकको सम्बन्ध छ ।

मारियोपोलमा छरिएका शव र फोहोरका कारण अस्वस्थ वातावरण छ । यसअघि पनि मारियोपोलमा संक्रमण देखिएको थियो । विगतका महिनामा केही मानिसमा हैजा पुष्टि पनि भएको थियो ।

यो सहरमा यूक्रेनले नियुक्त गरेका नगरप्रमुख भोडिम बोएचेन्कोले 'हैजा, झाडापखाला र अरू संक्रामक रोगहरू सहरमा देखा परिसकेको' बताए । उनले ठूलो स्तरको महामारी नियन्त्रण गर्ने उद्देश्यले सहरलाई बन्द गरिएको बताएको बीबीसीले उल्लेख गरेको छ । यद्यपि सहर रूसी सेनाको कब्जामा रहेकोले यसको स्वतन्त्रतापूर्वक पुष्टि गर्न नसकिएको बीबीसीले जनाएको छ ।

यद्यपि रूसले नियुक्त गरेका नगरप्रमुखले भने नियमित रूपमा परीक्षणहरू गर्ने गरिएको भन्दै हैजाका बिरामी फेला नपरेको दावी गरेका छन् ।

युक्रेनको स्वास्थ्य मन्त्रालयले मारियोपोलबाट आफूले सीमित सूचना प्राप्त गरिरहेको जनाउँदै यूक्रेनको नियन्त्रणमा रहेका भूभागमा परीक्षण गरेको र कुनै पनि घटना फेला नपरेको जनाएको छ । युद्धका कारण मारियोपोलको पिउने पानी प्रणालीमा पनि क्षति पुगेको छ ।

यसै हप्ताको सुरुमा संयुक्त राष्ट्रसङ्घले पानीसँग ढल मिसिएको भन्दै त्यसबाट हैजाको जोखिम रहेको बताएको थियो । रेडक्रसले सरसफाइसँग सम्बन्धित पूर्वाधारमा क्षति पुग्दा त्यसले पानीबाट सर्ने रोगहरूको संक्रमण फैलिने जोखिम देखिएको बताएको थियो ।

# 'इन्डो–प्यासिफिक क्षेत्रमा अमेरिकी रणनीतिले द्वन्द्व निम्त्यायो'



**काठमाडौं/एजेन्सी–** इन्डो–प्यासिफिक क्षेत्रमा अमेरिकी रणनीतिले भावी द्वन्द्वलाई उकास्ने काम गरेको चीनका रक्षामन्त्री जनरल वेई फेङ्गेले बताएका छन् । दुई महाशक्तिबीचको सम्बन्ध महत्वपूर्ण मोडमा रहेको उल्लेख गर्दै फेङ्गेले द्विपक्षीय सम्बन्धलाई सुधार गर्ने कार्य अमेरिकाको हातमा रहेको बताए । एसियाको प्रमुख सुरक्षा बैठक साङ्गिला संवादलाई सम्बोधन गर्दै फेङ्गेले अमेरिकालाई 'चीनलाई गाली गर्ने' बन्द गर्न आग्रह गरे ।

बैठकमा अमेरिकाले ताइवानमा चिनियाँ सैन्य गतिविधिको विरोध गरेको थियो । ताइवान स्वशासित टापु वरपर हालैको चिनियाँ सैन्य गतिविधिले यथास्थिति परिवर्तन गर्ने खतरा रहेको बताउँदै अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले ताइवानलाई अमेरिकी समर्थन रहेको बताए । उनले ताइवान नजिकै चीनको उत्तेजक र अस्थिर सैन्य गतिविधिमा निरन्तर वृद्धि भएको बताउँदै त्यसको आलोचना गरेका थिए ।

बेइजिङको कम्युनिष्ट मूल भूमिसँग एकताको मागलाई स्वीकार गर्न धम्की दिने उद्देश्यले चीनले हालैका वर्षहरूमा ताइवानविरुद्ध आफ्नो सैन्य उत्तेजकता बढाएको बेइजिङमाथि आरोप लाग्दै आएको छ ।

चीनले ताइवानलाई आफ्नो महत्वपूर्ण हिस्सा भएको दाबी गरेको छ । सन् १९४९ मा गृहयुद्धका क्रममा ताइवान विभाजन भएको थियो । बेइजिङले आफ्नो राष्ट्रिय हितको रक्षा गर्ने आफ्नो सङ्कल्पलाई कम नठान्ने चेतावनी दिँदै ताइवानको स्वतन्त्रतालाई समर्थन गर्नेहरूले प्रतिकूल परिणाम भोग्नुपर्ने बताउँदै आएको छ ।

# सोनिया गान्धी अस्पताल भर्ना

**काठमाडौं/एजेन्सी–** कोभिडसम्बन्धी समस्याका कारण भारतीय कांग्रेस पार्टीकी अध्यक्ष सोनिया गान्धी अस्पताल भर्ना भएकी छिन् । उनको अवस्था स्थिर रहेको र चिकित्सकको निगरानीमा रहेको पार्टीले जनाएको छ ।

७५ वर्षे कांग्रेस अध्यक्षलाई केही दिनसम्म अस्पतालमै राखिने भारतीय अखबार द हिन्दूको अनलाइन संस्करणले जनाएको छ । 'कांग्रेस अध्यक्ष सोनिया गान्धीलाई कोभिडसम्बन्धी समस्याको कारण आइतबार गंगाराम अस्पतालमा भर्ना गरिएको थियो । उनको अवस्था स्थिर छ । निरीक्षणको लागि अस्पतालमा राखिनेछ', पार्टी प्रवक्ता रणदीप सुर्जेवलाले ट्विट गर्दै जानकारी दिएका छन् ।

सोनियालाई केही दिनअघि कोभिड पोजेटिभ देखिएको थियो । कोभिड संक्रमण देखिएपछि उनी आफ्नै निवासमा आइसोलेसनमा रहेकी थिइन् । उनी चिकित्सकको निरन्तर निगरानीमा रहेको जनाइएको छ ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : Saudi Services for Electro-Mechanic Works Co, Closed joint Stock.(SSEM) शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/११/१८ चलानी नं.: ६०१७५२९६ LT. No.: 258289 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 50 | 0 | स. काममा दक्ष | 1000 | ३३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Aspec Contracting & Environmental Consultation शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/११/०२ चलानी नं.: ६०१७४५३६ LT. No.: 257931 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ६ गते (20 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Lic No.: 836/066/067
बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com

## साउदीमा रोजगार | १. कम्पनी: CORNOR QAMHIYAT COMPANY FOR BREAD AND SWEETS FACTORY शहर: RIYADH

पूर्व स्वीकृत मितिः२०७९/०२/२७ चलानी नं.: ६०१८०८३५ LT. No.: 264775

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging & Wrapping Worker | 11 | 0 | स. काममा दक्ष | 1000 | ३३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: NOURA NASSER AL TOAIMI CONTRACTING EST शहर: KSA
पूर्व स्वीकृत मितिः २०७९/०२/२७ चलानी नं.: LT. No.: 264774

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging & Wrapping Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ६ गते (20 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Blaze Associates Pvt. Ltd.
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com

## मलेसियामा रोजगार | कम्पनी :RESPACK MANUFACTURING SDN BHD शहर : Pinang

पुर्व स्वीकृत मितिः २०७९/०२/२७ चलानी नं.: ६०१८०७६९ L.T. No.: 264728

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker-manufacturing | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ६ गते (20 June 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Empower Human Resources Management Pvt. Ltd
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445 | Email: empowerhrnepal@gmail.com
Mobile No. 9828922999, 9801402996, 9851190570, 9849660515, 9801625801, 9860700057, 9819063243, 9817079788

# बक्स अफिस समाचार

## ‘नेपाली गीतसंगीतलाई अझ परिस्कृत बनाउने हामीले नै हो’



**रेशमकुमार विश्वकर्मा, गायक**

रेशमकुमार विश्वकर्माले आफूलाई गायन क्षेत्रमा अब्बल सावित गर्दै आएका छन् । आफ्ना प्रस्तुतिका कारण उनी यो क्षेत्रमा आफ्नै राजमार्ग बनाएर कुदिरहेका छन् । मिठो स्वरका धनी रेशमले १२ दर्जन भन्दा बढी आफ्ना गीतमार्फत धेरैको वाहीवाही बटुलन सफल भएका छन् । सबै किसिमका गीत गाउने क्षमताका रेशमकुमारले अलिक धेरै लोकगीत गाएका छन् । उनका ‘नौडाँडा पारी’, ‘निष्ठुरी मायालु’, ‘सुनको चुरा’ लगायतका गीत सार्वधिक लोकप्रिय रहेका छन् । आफ्न सिर्जनामार्फत गीत संगीतको फाटमा योगदान पुर्‍याउँदै आएका उनी समाजसेवामा पनि त्यतिकै सक्रिय छन् । लोकदोहोरी, पप, लाईट सबै खालको गीतहरु गाएको बताउने **रेशमकुमार विश्वकर्मा**सँग मध्यान्ह दैनिकका लागि **प्रतिक्षा गौतम**ले गरेको कुराकानीको संक्षिप्त अंश :

**निक्कै व्यस्त हुनुहुन्छ है ?**

त्यस्तो व्यस्त त होइन फेरि पनि काम निरन्तर भइरहेको छ । गीतहरु आइरहेका छन् । गाइरहेको छु । स्रोता/दर्शकले मन पराइरहनु भएको छ । गीत रकर्डिङ, मेला महोत्सव जस्ता कार्यले निरन्तरता पाएका छन् भने आफूलाई सामाजिक कार्यमा पनि संलग्न गराउँदै आएको छु । यस्तै यस्तै चल्दै छ ।

**समयको व्यवस्थापन कसरी गर्नुहुन्छ ?**

मलाई के लाग्छ भने सबैभन्दा ठूलो कुरा भनेको मान्छेको इच्छा शक्ति हो । इच्छा भयो भने समय त मिलिहाल्छ नि ।

**यो क्षेत्रमा कसरी आउनुभयो ?**

सायद म गीत गाउनैका लागि जन्मिएको हुँ जस्तो लाग्छ । म सानैदेखि गीत गाउँथे । सबैले मन पराउनु हुन्थ्यो । विस्तारै बढदै जादा म यही क्षेत्रमा पूर्ण रुपमा समर्पित भएँ ।

**यहााले धेरै गीत गाउनुभयो, लोकप्रिय पनि औपचारिकरूपमा गाएको पहिलो गीत कुन थियो ?**

मैले औपचारिकरुपमा यो क्षेत्रमा प्रवेश गर्नुभन्दा पहिला धेरै गीत गाएँ तर आफ्नो औपचारिकरुपमा गाएको गीत ‘निष्ठुरी मायालु’ रहेको थियो ।

**अहिलेसम्म कति जति गीत गाउनु भयो ?**

यस्तै १२ दर्जन जति गीत गाएँ होला ।

**तपाईंलाई मन परेका केही गीतको नाम लिनुपर्दा ?**

आफ्ना सिर्जना सबै उत्कृष्ट नै लाग्छन् । कुनै एक, दुईको नाम लिन गाह्रो छ । फेरि पनि स्रोता/दर्शकले अलिक बढी मनपराउनु भएको गीतमा ‘नौडाँडा पारी’, ‘निष्ठुरी मायालु’, ‘सुनको चुरा’लगायतका छन् ।

**गीत संगीत के रहेछ ?**

गीत संगीत जीवनको एउटा अभिन्न अंग हो । सुख दुःख को साथी हो ।

**यहाा मेला महोत्सवमा पनि गइरहनु हुन्छ ?**

मलाई माया गर्नुहुन्छ, बोलाउनुहुन्छ । कारण मेरा गीतहरू दर्शक/श्रोताले मन पराइदिनु भएकोले देशका विभिन्न ठाउँमा आयोजित कार्यक्रममा पुग्ने अवसर पाएको छु जस्तो लाग्छ ।

**अब कस्ता गीत स्रोता/दर्शकमाझ ल्याउने योजनामा हुनुहुन्छ ?**

मैले लोकदोहोरी, पप, लाईट सबै खालको गीतहरू गाएको छु । पछिल्लो समय सेलो, म्हेन्दोमाय र दोहोरीसँगै सार्वजानिक गर्ने जमर्कोमा छु ।

**विगतका दिनलाई कसरी हेर्नुहुन्छ ?**

मलाई के लाग्छ भने हेरक मानिस संघर्षबाट खारिएको हुन्छ । म पनि यो क्षेत्रमा एउटा संघर्ष गरेर आएको छु । मेरो गीत संगीतको यात्रामा मजबुत पाइला टेक्न ठूलो साथ सहोग र प्रेरणाको श्रोत डिजिटल काठमाडौंका प्रोप्राइटर आदरणीय डीका गुरुङ दाजु र वरिष्ठ एरेन्जर पवन वाङ लामा दाजुलाई हार्दिक आभारका साथ सम्झिन चाहान्छु ।

**अहिलेसम्म आउँदा यो क्षेत्रलाई कसरी बुझ्नुभयो ?**

मलाई के लाग्छ भने गीतसंगीत भनेको जीवनको एउटा पाटो हो । यो सुख दुःखको साथी हो । यसले तपाईंको मनलाई खुशी दिन्छ भने पीडालाई हल्का पनि बनाउँछ ।

**तपाई यो क्षेत्रमा राम्रा सिर्जना पस्किरहनु भएको छ, नेपाली गीत संगीतले लामो यात्रा गरिरहँदा हामी कहाँ छौं जस्तो लाग्छ, कतिको फड्को मार्‍यो जस्तो लाग्छ नेपाली गीत संगीतले ?**

नेपाली गीत संगीतले आफ्ना विभिन्न कालखण्ड पार गर्दै अहिलेको अवस्थामा आइपुगेको छ । यो अवस्थामा आइपुग्दा हामी जहाँ पुग्नु पर्ने हो त्यहाँ पुग्न सकेका छैनौं । तर, कछुवाको गतिमा हिँडेको भएपनि हाम्रा क्रियशन अब्बल रुपमा रहेका छन् । अहिले धेरै माथि छ नेपाली गीत संगीत क्षेत्र । पछिल्लो समयमा यो क्षेत्रमा राम्रै भइरहेको छ तर यसलाई अझ राम्रो र परिस्कृत बनाउन जरुरी छ । यो क्षेत्रलाई अझ राम्रो र परिस्कृत बनाउने हामीले नै हो । यो क्षेत्रमा संलग्न रहेकाले नै हो ।

**अन्त्यमा...?**

एउटा नेपाली गायकको नाताले नेपाली गीत संगीतलाई हिजका अग्रजहरूले आज हामीलाई यो रुपमा सुम्पिनु भएको छ । यसको उचाई बढाउने काम हाम्रो हो । हाम्रो जिम्मेवारी हो । नेपाली गीत संगीतमा आफ्नै पहिचानलाई अघि बढाऔं । आयातितको प्रभाव पर्नुभन्दा आफ्नै मौलिक प्रस्तुति पस्किनु नै राम्रो हो । श्रोता/दर्शकको पनि रोजाई यस्तै नै हुने गर्दछ । राम्रो सिर्जनालाई बचाउने काम स्रोता/दर्शक र तपाईंहरू जस्तो मिडियाको काम पनि हो । कुनै गीत बजारमा एकदमै हिट भयो भने पनि त्यो गीतको कुनै मापदण्ड छ कि छैन गायक, संगीतकार या गीतकारले आफूलाई पपुलर बनाउन संगीतको मापदण्डलाई मिचेको छ कि छैन भन्ने कुरालाई ध्यान दिनुपर्छ । हामीले गर्व गर्ने कुरा कहाँ छ भने अहिले हामीले अंग्रेजी, हिन्दी गीतहरूलाई विस्थापित गर्न सकेका छौं । नेपाल बाहिर जाँदा पनि नेपाली गीतमा नाचेको देख्दा गर्व लाग्छ । मेरा केही कुरा यो सञ्चारमाध्यममा राख्ने अवसर दिनुभएकोमा हार्दिक आभार व्यक्त गर्दछु ।

## बेनिशाद्वारा ‘ब्रिज हेयर एन्ड ब्युटी सलुन’ उद्घाटन



**काठमाडौं/मस–** प्रदर्शोन्मुख फिल्म ‘प्रेमगञ्ज’का कलाकारसँगै पत्रकार ऋषि धमलाले ब्रिज हेयर एन्ड ब्युटी सलुन’को उद्घाटन गरेका छन् । काठमाडौंको बौद्ध क्षेत्रमा खुलेको सलुनको शनिबार नेपाली फिल्म क्षेत्रका चर्चीत ब्यक्तीहरुबाट ‘ब्रिज हेयर एण्ड वियुटी सलोन’को ‘प्रेमगञ्ज’का कलाकार बेनिशा हमाल र तेज गिरीले रिबन काटेर उद्घाटन गरेका थिए ।

कार्यक्रममा अभिनेता निराजन प्रधान र पत्रकार ऋषि धमला पनि उद्घाटन कार्यक्रममा साथ दिएका थिए । अनिल थापाले सञ्चालनमा ल्यायको सलोनको उद्धघाटन कार्यक्रममा बोल्दै अभिनेत्री हमालले हरकोहीलाई राम्रो वा राम्री बन्न मन लाग्ने भएकाले ब्रिज हेयर एन्ड ब्युटी सलुन’ले त्यो अपेक्षा पूरा गरोस् भन्ने शुभेच्छा दिइन् ।

‘हामी हर कोही अरुबाट राम्रो देखिएको सुन्न चाहान्छौँ । यो सलुनले हामी जस्ताको चाहना पूरा गर्छ भन्ने अपेक्षा छ,’ उनले सलुन उद्घाटनपछि भनिन् । श्रृंगारका उत्कृष्ट प्रशाधन र ग्राहकमैत्री सेवाको साथ व्यवसाय चलाउन उनले सुझाव पनि दिइन् ।

यस्तै अभिनेता निराजन प्रधानले पनि कलाकार मात्र नभएर हरकोही सौन्दर्यप्रति सचेत हुँदै गएकाले यस्ता सलुनको महत्व बढिरहेको बताए । उनले कलाकार हरुले शीरदेखि पाउसम्म राम्रो देखियोस् भनेर ध्यान दिने गरेको बताउँदै त्यसमा ब्युटी र ह्याण्डसम पार्लरहरुको पनि देन रहेको बताए ।

पत्रकार धमलाले पछिल्लो समय पार्लर र सलुन जानेको आर्कषण बढेको बताए । उनले भने ‘म सधैँ व्यस्त रहने मान्छे हुँ । भ्याएसम्म चिटिक्क परेरै हिँडछु । सलुन नै जान्छु कहीँ नगए पनि मान्छेहरूमा सलुनको आकर्षणप्रति म कदर गर्छु ।’

सञ्चालक थापाले भारत, बेलायत तथा अमेरिकामा लामो समय यो क्षेत्रमा गरेको अनुभवले नेपालमा सलुन खोल्न प्रेरित गरेको बताए । ‘मैले भारतदेखि बेलायत अमेरिकासम्म पनि सलुन र सौन्दर्यको बारेमा जे जति ज्ञान हासिल गरेँ, ‘अब स्वदेशमै केही गर्न चाहन्छु भनेर ब्रिज हेयर एण्ड व्युटी सलुन यो त्यसैको परिणाम हो । सबैको साथ र सहयोग पाउनेमा विश्वस्त छु ।’

यसले सुन्दर बन्न चाहाने युवा युवतीको चाहाना पूरा गर्ने गरी काम गर्छौं,’ अनिल थापाले भने । सलुनलाई प्रेमगन्जका अभिनेता तेज गिरीले पनि शुभकामना दिएका थिए ।

## ‘मायालु आभाष’मा आर्यन र पुजा



**काठमाडौं/मस–** ‘मायालु आभाष’ बोलको गीत सार्वजनिक गरिएको छ । युट्युव मार्फत सार्वजनिक भएको गीतको म्यूजिक भिडियोमा अभिनेता आर्यन सिग्देल र अभिनेत्री पुजा शर्माको अभिनय रहेको छ ।

प्रताप दास र अनु ढकालको स्वर रहेको गीतको भिडियोलाई विधान कार्कीले निर्देशन गरेका हुन् । अष्ट्रेलिया र नेपालमा सक्रिय ‘नेपमेलो’ले तयार पारेको भिडियोमा निर्देशक कार्कीले केही फरक शैलीमा कथा भन्ने प्रयास गरेका छन् ।

रबि मल्लको शब्द तथा संगीत तयार बनेको गीतलाई हरि हुमागाईंले छायांकन गरेका हुन् । भिडियोका सम्पादक बिकाश दाहाल हुन् भने कला निर्देशक मनिषा पोखरेल हुन् । गीतको एरेन्ज उदयराज पौडेलले गरेका छन् ।

## तामाङ चलचित्र संघको १४ औं वार्षिकोत्सव सम्पन्न




**काठमाडौं/मस–** तामाङ चलचित्र संघको १४ औ वार्षिकोत्सब राजधानीमा सम्पन्न भएको छ । पूर्वकानून मन्त्री शेर बहादुर तामाङको प्रमुख आतित्यतामा चलचित्र विकास बोर्ड चाबहीलमा शनिबार सम्पन्न कार्यक्रमको अन्य अतिथिहरुमा जगत दोङ, विरबहादुर योञ्जन, चन्द्र कुमार दोङ, चन्द्र कुमार मोक्तान, फुलमान बल आदि रहेको थिए ।

तामाङ चलचित्र संघ नेपालको अध्यक्ष कुमार मोक्तानको सभापतित्वमा सम्पन्न कार्यक्रममा पहिलो तामाङ चलचित्र ‘सेमरी छोरङान’ पदकद्वारा विभिन्न व्यक्तित्वहरु सम्मानित भएका छन् । सम्मानित हुनेहरुमा नेपाल टेलिभिजनका प्रबन्धक निर्देशक फुलमान बल, तामाङ समुदायको पहिलो गायक चन्द्र कुमार मोक्तान, वरिष्ठ संगीतकार चन्द्रकुमार दोङ, संसारकर्मी जगत दोङ, एनटिभी प्लसबाट प्रसारण भएको म्हेन्दोला फोलेका प्रस्तोता सुनिल दोङ, पुर्ब अध्यक्ष जेनीश दोङ तामाङ चलचित्र अभिलेक पुस्तक प्रकाशक जयन कुमार मोक्तान, नायिका चादनी मोक्तान, पहिलो महिला निर्देशक सुकुमाया मोक्तान, नायिका लता योञ्जन, निर्देशक अमिर दोङ लगायतका रहेका छन् ।

उक्त अवसरमा रोशी गाउँपालिका कार्यलय र तामाङ चलचित्र संघको संयुक्त निर्माणमा बनेको ‘सामाझिक संजाल’ नामक वृत्तचित्र प्रदर्शन गरिएको थियो । जसको संयोजन बिनायक तामाङ, दिपक तामाङ लामाले गरेका थिए ।

## इसाराको एकल कमेडी शो सम्पन्न



**काठमाडौं/मस–** वीरमाया राई ‘शोभोमा’ स्मृतिकोष निर्माणमा हास्यकलाकार गणेश इसाराको पहलमा आयोजना भएको ‘अल नेपाल एकल कमेडी सो’ शनिबार राजधानीको जमलस्थित नाचघरमा विविध कार्यक्रमसहित सम्पन्न भएको छ । समाजसेवी वीरमाया राई ‘शोभोमा’ स्मृतीकोष स्थापना अभियानमा ‘गणेश ईसारा अल नेपाल एकल कमेडी शो’ विगतमा पनि देशको विभिन्न स्थानहरुमा भइसकेको छ ।

उक्त कार्यक्रममा वरिष्ठ गजलकार, गीतकार साथै समाजसेवी अमर बान्तुलाई विशेष सम्मान गरिएको थियो । आफ्नै हजुरआमाको नाममा स्मृतिकोष निर्माण गरी आउँदा दिनहरुमा त्यस्तै विभिन्न भैपरी आउने दुखी, पीडितहरुको समस्यालाई सहायता दिने उद्देश्यले स्मृतीकोषको निर्माण थालनी भएको कलाकार गणेश इसाराले बताए ।

सफल महिला उद्यमी तथा वरिष्ठ समाजसेवी सुमित्रा बस्नेतको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रम एक्सन इन्टरटेनमेन्टले आयोजना गरेको हो । कार्यक्रममा गायिका पार्वती राई, हास्यकलाकार रोहित कार्की, गायक बिक्रम राई, ज्वाला राई, रश्मि राई, विषम आचार्य, सोनु निरौला, दिपक तामाङ लगायतका लोकप्रिय कलाकारहरुको मनोरञ्जनात्मक प्रस्तुति रहेको थियो । साथै कार्यक्रममा अमर वान्तु रचित सातवटा गीत मनिष राईको एकल कोरियोग्राफीमा प्रस्तुत गरिएको थियो ।

## सन्तोषले ल्याए ‘मालामाल’

**काठमाडौं/मस–** कमेडी विषयमा निर्माण भएको टेलिश्रृखंला ‘मालामाल’ अव दर्शकले हेर्न पाउने भएका छन् । निर्देशक सन्तोष खनालले श्रृखंला हरेक शुक्रबार राति ८ बजे ओएसआर डिजिटलबाट रिलिज हुन लागेको निर्देशक सन्तोषले जानकारी दिए ।

राजु भुजु, श्याम राई, सन्तोष खनाल, एलिस राई, कञ्चन खड्का, सुदर्शन आचार्य, निशा पाखीन तामाङ, ठाकुर गुरुङ, चन्द्र पाण्डे, तिलक कोइराला लगायत कलाकारको अभिनय रहेको सिरियलमा नेपालकै कान्छी स्ट्यान्ड कमेडियन सुयशा खनालको समेत अभिनय समेटिएको छ ।

सामाजिक तथा समसामयिक बिषय माथि ब्यङ्ग्य प्रहार गरिने श्रृंखलामा तिलक कोइराला र चन्द्र पाण्डेको लेखन रहेको छ । दिलीप विष्टको छायाँकन, विनय कार्कीको संगीत संयोजन रहेको सिरियल सन्दिप चौधरीले सम्पादन गरेका छन् ।

# एसियन कप खेल्ने सपना अधुरै



काठमाडौं/मस- लगातार दोस्रो हारसँगै एएफसी एसियन कप २०२३ मा छनोट हुने नेपालको सम्भावना सकिएको छ। शनिबार राति कुवेत सिटीस्थित जवर अल अहमाद अन्तर्राष्ट्रिय मैदानमा नेपाल कुवेतसँग ४-१ अन्तरले पराजित भएको हो। यसअघि नेपाल पहिलो खेलमा जोर्डनसँग २-० ले पराजित भएको थियो। यस खेलसँगै नेपाल समूह ए मा दुई खेलबाट बिना कुनै अंक पुछारमा छ।

घरेलु टोली कुवेतको फराकिलो जितमा युसुफ नास्सेरले दुई तथा फहद अलरेसिदी र मोवारक अल फानेनीले समान एक गोल गरे। नेपालका लागि दर्शन गुरुङले एक गोल फर्काए। कुवेतस्थित जाबिर अल अहमद मैदानमा घरेलु टोलीलाई पहिलो हाफमा १-० को स्थितिमा रोकेपनि नेपालले दोस्रो हाफमा बलियो कुवेतलाई रोक्न नसक्दा फराकिलो हार बेहोर्न पुग्यो।

खेलको शुरुवातदेखि नै दबाबमा खेलेको नेपालले २८औं मिनेटमा गोल खान पुगेको थियो। फहद अलरेसिदीले गोल गर्दै कुवेतलाई सुरुवाती अग्रता दिलाए। अली मातरको क्रसलाई फहदले हेडमार्फत जाली चुमाउदा केही उत्कृष्ट बचाउ गरेका गोलरक्षक दीप कार्कीले यसपटक बचाउने कुनै मौका नै पाएनन्।

३९औं मिनेटमा दीपले वान भर्सेस वानको स्थितिको प्रयासलाई बचाउदा डिफेन्डरले क्लियर गर्दै नेपालको अर्को संकट टारे। पहिलो हाफको इन्ज्युरी समयको थप गरिएको तेस्रो मिनेटमा आयुष घलानको प्रहार दोस्रो बार च्याप्दै थोरै बाहिरिदा नेपाल बराबरीबाट चुक्यो।

४८औं मिनेटमा युसुफ नास्सेरले गोल गर्दै कुवेतको अग्रता दोब्बर पारे। ५७औं मिनेटमा कप्तान नवयुग श्रेष्ठको प्रहार क्रस बारमा लागेर फर्कदा नेपाल अग्रता कम गर्नबाट चुक्यो। ६८औं मिनेटमा युसुफ नास्सेरले व्यक्तिगत दोस्रो तथा टोलीका लागि तेस्रो गोल गरेपछि नेपाल खेलमा ३-० ले पछि पर्यो।

७३औं मिनेटमा मोवारक अल फानेनीले गोल गर्दै कुवेतलाई ४-० ले अघि बढाए। त्यसपछि इन्ज्युरी समयको थप गरिएको पहिलो मिनेटमा दर्शनले गोल गर्दै खेललाई ४-१ को स्थितिमा ल्याएपनि हार टार्न सकेन। ३५औं मिनेटमा गौतम श्रेष्ठको स्थानमा मैदान छिरेका दर्शनको पहिलो प्रहार डिफेन्डरले ब्लक गर्दा रिवाउन्डको उनको प्रहार डिफ्लेक्ट हुँदै गोलमा परिणत भएको थियो।

हालसम्मको आठ भेटमा दर्शन कुवेतविरुद्ध गोल गर्ने दोस्रो खेलाडी भने। ४० वर्ष अघि एसियन गेम्समा नेपालका वाइवी घलेले कुवेतविरुद्ध गोल गरेका थिए।

यस हारसँगै नेपालले २ खेलबाट कुनै अंक जोड्न सकेको छैन। पहिलो जित निकालेको कुवेतको २ खेलबाट तीन अंक रहेको छ। नेपालले अन्तिम खेलमा इन्डोनेसियासँग ३१ जेठमा खेल्नेछ।

### प्रशिक्षक बेहोस भएपछि...

अचेत भएर मैदानमा ढलेका नेपाली राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक अब्दुल्लाह अल्मुताईरीको अवस्था सामान्य भएको छ। कुवेत सिटीस्थित जवर अल अहमाद अन्तर्राष्ट्रिय मैदानमा नेपाल र कुवेतबीचको खेलको दोस्रो हाफमा टेक्निकल एरियामा उभिएका प्रशिक्षक अल्मुताइरी सोही स्थानमा लड्न पुगेका थिए। उनी लडेसँगै सहायक प्रशिक्षक किरण श्रेष्ठ उठाउन पुगेका थिए। तर, उनी बेहोस भइसकेका थिए।

सोही समयमा नेपालले कुवेतसँग दोस्रो गोल खान पुगेको थियो। खेलको ४८औं मिनेटमा कुवेतले काउन्टरमा बल बढाउँदा प्रशिक्षक अब्दुल्लाह ढलेका हुन्। त्यसपछि प्राथमिक उपचारपछि उनलाई अस्पताल लगिएको थियो। उनी स्वास्थ्य अवस्था सामान्य भएपछि अस्पतालबाट डिस्चार्ज भइसकेका छन्।

# यू-२० को बन्द प्रशिक्षणमा ४० खेलाडी



**काठमाडौं/मस-** आसन्न साफ यू-२० च्याम्पियनसिप र एएफसी यू-२० एसियन कप छनोटको लागि प्रारम्भिक चरणमा ४० खेलाडी छनोट भएका छन्। झन्डै एक साता चलेको छनोटबाट नेपाली यू-२० टोलीका मुख्य प्रशिक्षक मेघराज केसीले ४० खेलाडीलाई प्रारम्भिक चरणमा बन्द प्रशिक्षणमा बोलाएका हुन्।

अखिल नेपाल फुटबल संघ (एन्फा)का अनुसार बन्द प्रशिक्षणमा ६ गोलरक्षक, १३ डिफेन्डर, १४ मिडफिल्डर र ७ फरवार्ड बोलाइएको छ। प्रशिक्षण सोमबारबाट शुरु हुने एन्फाले जनाएको छ। यू-२० साफ च्याम्पियनसिप भारतमा २५ जुलाईदेखि ३ अगस्टसम्म हुँदैछ। नेपालले माल्दिभ्ससँग २५ जुलाईमा, श्रीलंकासँग २७ जुलाईमा, ३१ जुलाईमा भारत र २ अगस्टमा बंगलादेशसँग खेल्ने तालिका छ।

यस्तै, बहराइनमा सेप्टेम्बर १० देखि १८ सम्म हुने एएफसी यू-२० एसियन कप छनोटमा नेपालले कतार, बहराइन, बंगलादेश र भुटानसँग खेल्नेछ। भुटानसँग १० सेप्टेम्बर, १२ सेप्टेम्बर कतार, १४ सेप्टेम्बर बहराइन र १८ सेप्टेम्बर बंगलादेशसँग खेल्ने तालिका छ।

प्रारम्भिक चरणमा छानिएका ४० खेलाडीहरुमा गोलरक्षक ईश्वर गुरुङ, युनेश चौधरी, सौरभ कार्की, जियारथ शेख, अमर बहादुर नेवार र टोप बहादुर राना छनोट भएका छन्। त्यस्तै डिफेन्डरहरु अकिव हक्यु, जाम ताम्ली, खेमराज श्रेष्ठ, अमर श्रेष्ठ, सोनित दाहाल, आयुष श्रेष्ठ, अजय चौधरी, सुमन श्रेष्ठ, आश्विन भट्टराई, श्रीजन दानी, रोहन थापा, राज थोकर र अभिषेक वाइवा छनोट भएका छन्।

यस्तै मिडफिल्डरहरु प्रदीप लम्साल, दिपेश गुरुङ, आशिष राई, क्षितिज भण्डारी, सन्दीप कार्की, जन्मजय धामी, सन्जीव लामा, मोहित गुरुङ, कृतिश रत्न छुन्जु, प्रितन स्याङतान, राकेश विश्वकर्मा, विनय बस्नेत क्षेत्री, सुगम सुवाल र मनग्य नकर्मी छनोट भएका छन् भने फरवार्डमा राज भुषाल, दिपेश राई, माल्दिना आङथुपो, निराजन मल्ल, रोहन खड्गी, रोहित सुब्ब र जविन्द्र भट्टराई छनोट भएका छन्।

# अर्किडलाई उपाधि




**काठमाडौं/मस-** अर्किड स्कुलले प्रथम हाइली एसइइ कप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। गोठाटारस्थित आयोजक हाइली क्रिएटिभ इङलिस स्कुलमा भएको ब्वाइजको फाइनलमा अर्किडले बाल गीताञ्जलीलाई २-० गोलले पराजित गर्‍यो। अर्किडका शितल कार्की र योगेश विष्टले समान १-१ गोल गरे। शितल फाइनलको 'म्यान अफ द म्याच' घोषित भए।

प्रतियोगितामा अर्किडका अमन कार्की उत्कृष्ट गोलरक्षक तथा अर्किडकै दिल तामाङ उत्कृष्ट प्रशिक्षक चुनिएको अर्किडका सञ्चालक प्रेमकुमार भुजेलले जनाएका छन्। गर्ल्समा गोठाटार इङलिस बोर्डिङ स्कुलले मानाङ्क चिल्ड्रेन प्याराडाइसलाई १-० गोलले फाइनलमा हराउदै पहिलो भयो।

# नेपालको रोमाञ्चक बराबरी




काठमाडौं/मस- नेपाली क्रिकेट टिमका अलराउन्डर मोहम्मद आदिल अलामले अन्तिमा दुई बलमा दुई विकेट निकालेपछि नेपालले गुमाइसकेको खेलमा अमेरिकासँग अंक खोसेको छ। आईसीसी पुरुष क्रिकेट विश्वकप लिग-२ को त्रिकोणात्मक श्रृंखला अन्तर्गत नेपाल र अमेरिकाबीचको रोमाञ्चक खेल टाई भएपछि नेपालले गुमाइसकेको खेलमा अंक जोड्न सफल भएको हो।

मोसा क्रिकेट मैदानमा नेपालले दिएको २ सय ७५ रनको लक्ष्य पछ्याएको अमेरिकाले ५० ओभरमा ६ विकेट गुमाएर २ सय ७४ रन जोडेपछि खेल बराबरीमा सकिएको हो। अमेरिकाका लागि स्टेभेन टेलरले १ सय १४ रनको शतकीय इनिङ खेलेपनि जितका लागि पर्याप्त भएन। यस्तै कप्तान मोनाङ्क पटेलले ८५ रनको अर्धशतकीय इनिङ खेल्दा आरोन जोन्सले २६ रन जोडेका थिए। सुशान्त मोदानी १७ तथा राहुल जरिवाला १० रनमा पवेलियन फर्किंदा अमेरिका नेपालले बनाएको स्कोरमा नै खुम्चिएको हो।


बलिङतर्फ सिनियर टोलीमा डेब्यु गरेका आदिल अलामले ३ विकेट निकाले। जितउन्मुख अमेरिकाविरुद्ध आदीलले अन्तिम ओभरमा २ विकेटसहित उत्कृष्ट बलिङ गरेका हुन्। अमेरिकालाई जितको लागि अन्तिम ६ बलमा ६ रन चाहिएको थियो। तर आदीलले पाँच रन खर्चिदै खेल टाइ गराए। जसका कारण उनी प्लेयर अफ दि म्याच घोषित भए। सोही ओभरमा नो बल भएको अवस्थामा पनि अमेरिकालाई नेपाल रोक्न सफल भएको हो। रोमान्चक बनेको खेलमा अमेरिकालाई अन्तिम दुई बलमा जितका लागि एक रन आवश्यक थियो। पाँचौं बलमा आदीलले आरोन जोन्सलाई पेभेलिएन फर्काए। अन्तिम बलमा राहुल जरिवाला रन आउट भएपछि खेल टाइ भएको थियो। आदिलको अलावा कप्तान सन्दीप लामिछाने र सोमपाल कामीले १/१ विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभर सकिन ४ बल बाँकी रहँदा सबै विकेट गुमाएर २ सय ७४ रन जोडेको थियो। नेपालका लागि उपकप्तान रोहितकुमार पौडेल, आसिफ शेख र देव खनालले अर्धशतकीय पारी खेले। रोहितले सर्वाधिक ६२ रनको अर्धशतकीय इनिङ खेलेका हुन्। ७२ बलको सामना गरेका रोहितले १ छक्का र तीन चौका प्रहार गरेका थिए।

यस्तै ६१ रन बनाएका आसिफले ७० बलको सामना गर्दा ६ चौका प्रहार गरेका थिए भने ५४ रन जोडेका देव खनालले ६९ बलमा ३ चौका प्रहार गर्दै ५४ रनको योगदान गरे। डेब्युटेन्ट आदीलले ३६ रन जोड्दा कुशल भुर्तेल १९ रनमा आउट भए। कप्तान सन्दीपले १० रन बनाए। आरिफ शेख ८, दिपेन्द्रसिंह ऐरी १ सोमपाल कामी १ रनमा आउट हुँदा करण केसी शुन्य रनमा आउट भए। सुशन भारी १ रनमा अविजित रहे। बलिङतर्फ अमेरिकाका रुष्टि थिरनले ४ विकेट निकाल्दा अलि खान र सौरभ नेत्रभाल्करले समान २/२ विकेट आफ्नो नाममा लेखाए।

खेल टाइ भएपछि नेपाल र अमेरिकाले १/१ अंक तालिकामा थपेका छन्। यस खेलसँगै लिग-२ मा नेपालको १४ खेलबाट १३ अंक भएको छ। नेपाल तालिकाको छैटौं स्थानमा रहेको छ। अमेरिकाको २२ खेलमा २१ अंक छ र अमेरिका तालिकाको चौथो स्थानमा छ। श्रृंखला अन्तर्गत पहिलो खेलमा नेपाल ओमानसँग १३ रनले पराजित भएको थियो भने अमेरिकाले पहिलो खेलमा ओमानलाई हराएको थियो। अब नेपालले तेस्रो खेलमा ओमानबिरुद्ध मंगलबार र अन्तिम खेलमा नेपालले अमेरिकाविरुद्ध बुधबार खेल्ने तालिका छ।

# ग्रिनल्यान्ड फाइनलमा



काठमाडौं/मस- ग्रिनल्यान्ड पाँचौं बीएनए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर गर्ल्समा आइतबार फाइनलमा प्रवेश गरेको छ। बसुन्धारास्थित श्री समाज सामुदायिक भवनको कोर्टमा भएको सेमिफाइनलमा ग्रिनल्यान्डले आयोजक बसुन्धारा नेसनल एकेडेमी (बीएनए) लाई २५-१३ ले पराजित गर्‍यो। ग्रिनल्यान्डकी जेनिशा श्रेष्ठले १० अंक जोडिन्। भ्याली पब्लिक र एचएचसीएबीचको अर्को सेमिफाइनल सोमबार हुने छ।

जुनियर ब्वाइजमा स्काइलार्कले आयोजक बीएनएलाई १३-७ ले हराउदै सेमिफाइनलमा स्थान सुरक्षित गर्‍यो। स्काइलार्कका रोजश रायमाझीले ६ स्कोर गरे। सोही स्पर्धामा इडेन ब्रिज एकेडेमी (इबीए) ले स्किब्सलाई २८-१३ तथा ग्रिनल्यान्डले ओडिसी इन्टरनेसनल एकेडेमीलाई २६-१४ ले पाखा लगाउदै क्वाटरफाइनलमा स्थान बनाए। इबीएका एलेक्स राईले १० तथा ग्रिनल्यान्डका लक्की तामाङले ९ अंक बटुले।

सिनियर ब्वाइजमा स्किब्सले नेपाल मोडेललाई ३७-२१ तथा बीएनएले ओडिसीलाई ४२-१९ ले निराश पार्दै क्वाटरफाइनल यात्रा तय गरे। स्किब्सका युनिक लिम्बूले १४ तथा बीएनएका सन्देश खड्काले २४ अंक जोडे। अर्को लिग खेलमा हिमरश्मीले भद्रकालीमाथि १३-१० को कठिन जित दर्ता गर्‍यो। हिमरश्मीका विनोद लामाले १० स्कोर गरे।

# फ्रिडम र ढोलाहिटी फाइनलमा




**काठमाडौं/मस-** फ्रिडम 'ए' र ढोलाहिटी प्रथम वडा अध्यक्ष कप खुला भेट्रान फुटबल प्रतियोगितामा आइतबार फाइनलमा प्रवेश गरेका छन्। चाबहीलको चन्द्रविनायक पार्कको मैदानमा भएको पहिलो सेमिफाइनलमा फ्रिडम 'ए' ले किङ कम स्पोर्ट्स क्लबलाई १-० गोलले पराजित गर्‍यो। राजकुमार घिसिङले निर्णायक गोल गरे। किङ कमका प्रताप शाक्य 'म्यान अफ द म्याच' घोषित भए।

चाबहील स्पोर्ट्स क्लबको आयोजनामा भइरहेको प्रतियोगिताको अर्को सेमिफाइनलमा ढोलाहिटीले बौद्ध भेट्रान 'ए' लाई ५-१ गोलले हरायो। विजयी टिमका लागि 'म्यान अफ द म्याच' विजय गुरुङले ह्याट्रिक गरे। नितिन गुरुङ र सरोज थापाले १-१ गोल थपे। बौद्ध 'ए' का उमेश लामाले सान्त्वना गोल फर्काए।

फाइनल मंगलबार हुने छ। विजेताले १ लाख र उपविजेताले ५० हजार नगद पुरस्कार पाउने छन्। व्यक्तिगत ४ विधाका उत्कृष्ट खेलाडीलाई जनही ५ हजारबाट पुरस्कृत गरिने छ।


## कुवेतमा रोजगार
कम्पनी: BOUDL HOTEL & RESORTS
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०८/१२ चलानी नं.: ६०१६८८९४ पुनः विज्ञापन L.T. No.: 251570

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Labor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४०,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Laundry Labor | 3 | 0 | | 140 | ५६,७१४ | | | | | | | |
| 3. | Room Organizer | 25 | 0 | | 105 | ४२,५३६ | | | | | | | |
| 4. | Waiter | 3 | 0 | | 150 | ६०,७६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ६ गते (20 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Govt. Lic No. 415/060/61
Mashareq International Overseas (P) Ltd.
सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ४४९९७६३, ४४७८३३५, ९८२३५३३००१, ९८२३६५४४०२

## साउदी अरबमा वैदेशिक रोजगारको अवसर
कम्पनी : GREEN GALAXY GLOBAL ENVIRONMENTAL SERVICES CO. LTD. शहर : DAMMAM

पुर्व स्वीकृत मितिः २०७९/०२/२० चलानी नं.: ६०१८०३११ LT. No.: 264273 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ असार ६ गते (20 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम ईजाजत पत्र नं. २०९/०५७/०५८
माादी ओभरसिज सर्भिसेस प्रा. लि.
पो.ब.नं. ५१२५, सानेपा रोड, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ०१-५१८११३८, ५१८००३९
फ्याक्स: ५०११७४०, Email: madi5125@gmail.com | Website: www.madioverseas.com

## साउदीमा रोजगार
कम्पनी : JAWA HUMAN RESOURCES CO.
शहर: Al-Khobar

पूर्व स्वीकृत मितिः २०७८/११/२३ चलानी नं.: ६०१७५५६४ पुनः विज्ञापन L.T. No.: 259026

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 2200 | ७२,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ६ गते (20 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोन: ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

## एउटा कोठाबाट शुरू भएको आइएमईको २१ वर्षे यात्रा

# २० खर्ब रेमिट्यान्स भित्र्यायो

**नारायण अर्याल/मध्यान्ह**
**काठमाडौं, २९, जेठ ।**

इन्टरनेशनल मनी ट्रान्सफर (आइएमई) २१ औं वर्ष पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । आइएमईले जेठ २९ गते आइतबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी आफ्नो २२ औं वार्षिकोत्सव मनायो ।

आइएमई शुरु हुनुभन्दा अगाडि वर्तमान आइएमई ग्रुपका अध्यक्ष चन्द्र ढकाल बैंकमा जागिरे थिए भने उनका भाई हेमराज ढकाल रोजगारीको शिलशिलामा जापान थिए । नेपालमा रेमिट्यान्स भित्र्याउने वैधानिक कम्पनीको सम्भावना भएको कुरा देखेपछि ढकाल दाजुभाइले सो विषयलाई योजनावद्ध रुपमा अगाडि बढाएका थिए । जापानबाट रेमिट्यान्सको कारोबार सञ्चालन गर्ने योजना भएपनि नेपालमा सो अनुकुलको नीति नभएका कारण तत्काल अगाडि बढाउन सम्भव भएन । ढकाल दाजुभाइकै अग्रसरतामा पहिलो पटक नेपालमा रेमिट्यान्स सम्बन्धी नीति बन्यो । त्यसपछि बैधानिक ढंगले नेपालमा रेमिट्यान्स भित्र्याउने बाटो खुल्यो ।

शुरुमा आइएमई मनी एक्सचेन्ज शुरु गरेका ढकाल दाजुभाइले नीति निर्माण गरेसँगै त्यसलाई आइएमई मनी एक्सप्रेस मनी एक्सप्रेसमा रुपान्तरण गरे । सो संगै उनीहरुले मनी एक्सप्रेसको कामलाई मलेसियाबाट शुरुवात गरे । विस्तारै आइएमई एक्सप्रेसलाई आफुलाई साउदी अरब, मलेसिया, कतार, दुबई, जापान, दक्षिण कोरीया, भारत, लगायतका मुलुकमा विस्तार गर्‍यो । यतिबेला नेपालमा रेमिट्यान्स आप्रवाहको काम गर्ने ४८ वटा कम्पनीहरु छन् । जसमा आइएमई एक्लैको ३५ प्रतिशत भन्दा बढी हिस्सा रहेको छ । त्यसैले आइएमईले लामो समयदेखि आफुलाई मुलुकको सबैभन्दा ठुलो रेमिट्यान्स आप्रवाह गर्ने कम्पनीको रुपमा स्थापित गर्दै आएको छ ।

आइएमईको वर्तमान स्वरुपको पछाडि ढकाल दाजुभाइको ठूलो संघर्ष, निरन्तरता, इमान्दारिता र विश्वास सहित मेहनतको इतिहास रहेको उनीहरुको तर्क छ । आइतबार कम्पनीको २२ औं वार्षिकोत्सवमा आफ्नो धारणा राख्ने क्रममा आइएमई ग्रुपका अध्यक्ष चन्द्र ढकालले आइएमईको स्थापनाको सन्दर्भ कोट्याउँदै सो कुरा बताए । 'आजभन्दा २२ वर्ष अगाडि त्यतिबेला हामीले ४ जनासँगै बस्ने खाने एउटा खाट भएको कोठालाई नै आइएमईको अफिस बनाएर मलेसियाबाट यो व्यवसायको शुरुवात गरेका थियौं, त्यतिबेला यो व्यवसायलाई अगाडि बढाउने सन्दर्भमा हरेक किसिमको अप्ठ्यारो थियो,' ढकालले विगत स्मरण गर्दै भने, 'मान्छेहरुलाई यो व्यवसायको दिगोपनाको विषयमा विश्वास थिएन तर, हामीले त्यतिखेरै वैधाधिक ढंगले वार्षिक रुपमा २० लाख डलर मुलुक भित्र्याउन सक्ने घोषणा गरेका थियौं ।'

नेपालको पहिलो रेमिटेन्स सेवा प्रदायकको रूपमा स्थापित कम्पनी २२ वर्षको अवधिमा बैंकिङ, व्यापार, सूचना प्रविधि, सञ्चार, ऊर्जा, पर्यटन, अटोमोबाइल, बीमा, खेलकुद तथा मनोरञ्जनका क्षेत्रहरूमा समेत आफ्नो लगानी विस्तार गर्दै स्वउद्यमशीलताको विकासमा अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको छ । राज्यलाई सबैभन्दा बढी करमा योगदान गरे वापत लगातार तीन पटकसम्म नेपाल सरकारबाट सीआइपी सम्मान प्राप्त यस कम्पनी स्वदेशी एवम् विदेशी गरी दर्जनौं संघ/संस्थाबाट सम्मानित भइसकेको छ । प्रत्यक्ष तथा अप्रत्यक्ष गरी हजारौंको संख्यामा रोजगारी सिर्जनामा सफल आइएमईलाई आम नेपालीहरूले एउटा भरपर्दो र विश्वसनीय ब्राण्डको रूपमा हेर्दै आएका छन् । आइएमईले समय सापेक्ष र अत्याधुनिक प्रविधिको माध्यमबाट डिजिटल सेवा प्रदान गर्न आइएमई पे मोवाइल वलेटको संचालन गरिरहेको आइएमई पे वालेटमा हाल ३० लाख भन्दा धेरै प्रयोगकर्ताहरुले रियल टाइम डिजिटल भुत्तानी तथा रेमिटेन्स सेवाको लाभ लिइरहेका छन् ।

राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. गणेश गुरुङले ढकालहरुको नेतृत्वको आइएमईले नेपालमा रेमिट्यान्सको हाइवे बनाएको बताउँछन् । वार्षिकोत्सवमा शुभकामना दिँदै गुरुङले आइएमईले रेमिट्यान्सको क्षेत्रमा हाइवे निर्माण गरेपछि अहिले ५० औं कम्पनीले सो क्षेत्रमा काम गरिरहेको बताए । नेपालले संसारलाई दिनसकेको मध्ये आइएमई एउटा मोडेल भएको भन्दै यसलाई विश्व बैंकले पनि सकारात्मक उदेश्यकासाथ मनिटररिङ गरिरहेको डा. गुरुङले उल्लेख गरे ।

नेपालले संसारलाई दिनसकेको मध्ये आईएमई मोडेल एक भएको उनको भनाइ थियो । आईएमईलाई वर्ल्ड बैंकले पनि मनिटरिङ गरिरहेको उनले बताए । गुरुङ्ले आफुले आइएमईलाई प्रसव बेदनादेखि नै चिन्दै आएको बताउँदै आफु नै डुबेर कंगाल हुन सक्ने अवस्थासम्मको जोखिम मोलेर ढकाल दाजुभाइले आजभन्दा २२ वर्ष अघि आइएमई स्थापना गरेको उल्लेख गरे । एक प्रसंगमा डा. गुरुङले अफ्रिकालगायतका देशहरूमा रेमिटेन्स सेवाका लागि आइएमईको जस्तै सेवा कपी गरिएको जानकारी दिँदै ढकाल दाजुभाई र वहाँहरुले नेतृत्व गरिरहेको आइएमई 'फादर अफ रेमिट्यान्स' भएको बताए ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले ०५७/५८ सम्म नेपाल राष्ट्र बैंकले रेमिट्यान्स आप्रवाहको रेकर्ड नराखेको बताएका छन् । नेपालमा मनी ट्रान्सफर गर्ने कामका लागि निजी क्षेत्रलाई राष्ट्र बैंकले स्वीकृति पनि दिएको थिएन । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एक नारायण अर्यालका अनुसार नेपाल सरकारले अहिले विश्वका १ सय ११ वटा मुलुकसँग श्रम सम्झौता गरेको छ । अहिले रेमिट्यान्सको ५७ प्रतिशत हिस्सा आम जनताको घर-घरमा पुगेको र सो का लागि आइएमईको भूमिका महत्वपूर्ण रहेको सचिव अर्यालको भनाइ छ । सोही सन्दर्भलाई सम्झँदै आइएमई ग्रुपका अध्यक्ष चन्द्र ढकालले नेपाल राष्ट्र बैंकले मनी ट्रान्सफरको लागि निजी क्षेत्रलाई लाइसेन्स दिने त्यतिबेलाको निर्णय एतिहासिक भएको बताए ।



### "आइएमई स्थापना गर्ने कुरा पक्कै चुनौतीपूर्ण थियो"

अर्थमन्त्री जनार्दन शर्माले आजभन्दा २२ वर्ष अगाडि हुन्डी कारोबार चलिरहेको समयमा आइएमई सञ्चालनको शुरुवात गर्ने कुरा आँफैमा चुनौतीपूर्ण काम भएको बताए । सो कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित भएका अर्थमन्त्री शर्माले आइएमई देश, जनता र स्वयं व्यवसायको पक्षमा भएको धारणा राखेका हुन् । रेमिट्यान्सले परिवारको लालनपालन, स्वास्थ्य र शिक्षामा खर्च गर्न सहयोग गरेको र संकट पर्दा आइएमईको माध्यमबाट सहज ढंगले हातमा पैसा प्राप्त हुने अवस्था रहेको मन्त्री शर्माको भनाइ छ ।

आइएमईले राष्ट्रिय पहिचान प्राप्त गरेर विदेशी मुद्रा ल्याउन महत्वपूर्ण योगदान गरेको उनले बताए । बजेटले रेमिट्यान्सलाई ल्याउने मात्रै नभएर मुलुकमा भएको प्राकृतिक स्रोतलाई उत्खनन्, उत्पादन र निर्यातमार्फत् वैदेशिक मुद्रा आर्जन गर्ने लक्ष्य बोकेको उनको भनाई छ । अहिले पनि अनौपचारिक ढंगले ठुलो मात्रामा रेमिट्यान्स आउने गरेको, कोरियाबाट जम्मा २५ प्रतिशत रेमिट्यान्स मात्रै वैधानिक रुपमा नेपाल आउने गरेको मन्त्री शर्माले बताएका छन् । आइएमई ग्रुपले धेरै क्षेत्रमा काम गरेको अझैपनि रेमिट्यान्सलाई औपचारिक रुपमा ल्याउनको लागि थप पहलको आवश्यकता रहेको बताउँदै उनले आइएमईको थप सफलताको शुभकामना व्यक्त गरेका थिए ।

## नेप्से सातामा छ दिन नै खुलाउने तयारी

**काठमाडौं/मस –** असारदेखि सेयर बजार सातामा ६ दिन नै खुल्ने भएको छ । सेयर बजार सञ्चालक नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले असारदेखि आइतबार र शुक्रबारसमेत गरि ६ दिन नै खुलाउने तयारी गरेको हो । नेप्सेका उपमहानिर्देशक निरञ्जन फुयाँलले बजार ६ दिन नै खुलाउने गरि छलफल भइरहेको जानकारी दिएका छन् । उनका अनुसार आइतबार र शुक्रबारसमेत कारोबार दिन थप्ने विषयमा छलफल चलिरहेको छ । बताइएअनुसार सोमबार बस्ने बैठकबाट कति दिने कारोबार गर्ने भन्ने विषयमा निर्णय हुनेछ ।

लगानीकर्ताले लामो समयदेखि नै कारोबार दिन बढाउन माग गर्दै आएका थिए ।


## गुजरा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सिमराभवानीपुर ,रौतहट**
**मधेश प्रदेश, नेपाल**

### गुजरा नगरपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश

**१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**
औलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

**यसबाट बच्न:**
क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।



**२) चट्याङको समयमा सतर्क रहौं ।**
**चट्याङबाट बच्ने उपाय :**
क) बिजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।





## छेडागाड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कार्कीगाउँ, जाजरकोट**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०७९।०२।३०)**

यस छेडागाड नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार Procurement of Sanitary Pad and Sanitary Pad Vending Machine IFB No:- CGM/NCB/G/GOODS/10/078/079 खरिद कार्यको लागि मिति २०७९।०१।११ मा प्रकाशित सूचना अनुसार देहायका सामाग्री आपूर्तिका लागि रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित शिलबन्दी दरभाउपत्र न्युनतम मुल्याङ्कित भई सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) वमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) वमोजिम सम्बन्धित सवै बोलपत्र दरभाउपत्र पेशकर्ताहरु तथा सरोकारवालाहरु सवैको जानकारीको लागि बोलपत्र स्वीकृत हुने यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि नं | ठेक्का नं | छनौट भएको शिलबन्दी दरभाउपत्रको नाम ठेगाना | कवोल अंक मूल्य अभिवृद्धि कर सहित | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| १ | Procurement of Sanitary Pad and Sanitary Pad Vending Machine IFB No:- CGM/NCB/G/GOODS/10/078/079 | Surkhet Science and Surgicals Birendranagar Surkhet | ३७,५९,४१८।८८ | सठतिस लाख उनन्साठी हजार चार सय अठार रुपैया पैसा अठासी मात्र |

**गंग बहादुर रोकाय**
**नि प्रमुख प्रशासकीय अधिकृत**



## कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कल्याणपुर, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### कल्याणपुर नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: **०१-४२२६३६६, ०१-४२२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**